मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9808835198
9807170995
9803474311
9854028218

नजर हमर
राष्ट्रिय दैनिक
# मधेशदृष्टि
www.emadheshdristi.com
Madheshdristi National Daily

खुशहाल किसान, समृद्ध नेपाल
यहि हो 'त्रिशक्ति' को कमाल
त्रिशक्ति ट्रेक्टर

वर्ष २ | अंक ६८ | २०८० साल माघ ११ गते बिहिबार | Thursday 25, January 2024 | सूर्योदय: बिहान ६:५४ बजे | सूर्यास्त: साँझ ५:४१ बजे | पृष्ठ ८ | मूल्य रु. ५/-

## प्रदेश सचिव भुसाल जोडिएको मुद्दामा फैसला आउँदै

**मधेशदृष्टि**
**वीरगंज ।**
विशेष अदालतले मधेश प्रदेशका तत्कालीन सचिव यामप्रसाद भुसाल जोडिएको १० करोड रुपैयाँ भन्दा बढीको भ्रष्टाचार प्रकरणको अन्तिम फैसला सुनाउने तयारी गरेको छ । मधेश प्रदेशको 'मुख्यमन्त्री बेटी पढाउ, बेटी बचाउ' कार्यक्रममा भएको १० करोड ३३ लाख रुपैयाँ भ्रष्टाचार प्रकरणको अन्तिम सुनुवाइ विशेष अदालतमा भइरहेको छ ।
विशेष अदालतका न्यायाधीशहरु नारायण कुँवर, तेजनारायण सिंह राई र मुरारीबाबु श्रेष्ठको इजलासमा विगत तीनदेखि मुद्दाको अन्तिम सुनुवाइ भइरहेको छ । माघ ८ गतेखि कुँवर, राई र श्रेष्ठको इजलासमा मुद्दाको सुनुवाइ भइरहेको हो । तीन दिनदेखि हेर्दाहेर्दैमा राखेर सुनुवाइ भएको मुद्दाको फैसला सम्भवत १–२ दिनमै आउन सक्ने विशेष अदालतले जनाएको छ ।
तत्कालीन प्रदेश सचिव भुसाल, सिडिइ, सहलेखापाल, ओमसत्य साइ वीरगंज पर्साका प्रबन्ध निर्देशक रेनु अग्रवालसहित ६ जना र संस्थामाथि गैरकानुनी लाभ तथा हानी पु¥याई भ्रष्टाचार गरेको भन्दै २०७९ साउन १८ गते विशेष अदालतमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले आरोपपत्र दायर गरेको गरेको थियो ।
कार्यक्रममा अनियमितता भएको, कम्पनी नखुलाई साइकल किनेर ३ महिनादेखि गोदाममा राखिएको उजुरीमा अनुसन्धान हुँदा नेपाल सरकार तथा प्रदेश सरकारलाई बदनियतपूर्वक हिनामिना एवम् हानीनोक्सानी गरेको पुष्टि हुन आएको अख्तियारले उल्लेख गरेको थियो ।
अख्तियारले तत्कालीन प्रदेश सचिव भुसाल, जलस्रोत तथा सिँचाइ विकास डिभिजन जनकपुरका तत्कालीन सिडिइ भगवान झा, सहलेखापाल राजाराम मण्डल तथा ओम सत्यसाई वीरगंज पर्सा र त्यसका प्रबन्ध निर्देशक रेनु अग्रवाल प्रत्येकसँग १० करोड ३३ लाख ७ सय ५८ रुपैयाँ बिगो मागदाबी गरेको छ । बिगोका साथै जरिवाना र भ्रष्टाचार निवारण ऐनअन्तर्गत कैद सजायसमेत माग दाबी गर्दै अख्तियारले मुद्दा दायर गरेको छ ।

## 'गृहमन्त्रीले फोन उठाउनु भएको छैन'



**मधेशदृष्टि**
**वीरगंज ।**
माघ १३ गते वीरगंजमा हुने पूर्वराजा ज्ञानेन्द्र शाहको नागरिक अभिनन्दनमा ५० हजार नागरिक सहभागी हुने अनुमान गरिएको छ । नागरिक अभिनन्दन मूलसमारोहका महासचिव हीराबहादुर चन्दले नागरिक अभिनन्दन भव्य हुने र जनताले थाहा पाउने गरी त्यसदिन पूर्वराजाले पनि केही सन्देश दिनेगरी सम्बोधन बताए ।
टिभी वीरगंज, रेडियो वीरगंजको कार्यक्रम 'जनता जानेके चाहता'मा ध्रुव साहसँगको कुराकानीमा महासचिव चन्दले दलहरुले बदमासी गरेकाले आमजनता मात्र होइन दलकै नेता कार्यकर्ता पनि संवैधानिक

बाँकी पृष्ठ २ मा

## आज राष्ट्रियसभा निर्वाचन

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
राष्ट्रियसभा सदस्य निर्वाचन, २०८० अन्तर्गत मधेश प्रदेशमा आज बिहीबार हुने निर्वाचनको सम्पूर्ण तयारी पूरा भएको छ । मधेश प्रदेशबाट प्रतिनिधित्व गर्ने महिला र अन्य समूह (खुला) गरी दुई पदका लागि निर्वाचन हुनेछ ।
प्रदेश निर्वाचन कार्यालय जनकपुरधामका निमित्त प्रमुख नवीन चौधरीका अनुसार, महेन्द्र नारायण निधि संस्कृति केन्द्र जनकपुरधाममा हुने निर्वाचनमा प्रदेशसभा सदस्य र पालिका प्रमुख–उपप्रमुख तथा अध्यक्ष–उपाध्यक्षले छुट्टाछुट्टै दुई मतदान केन्द्रबाट मतदान गर्नेछन् । प्रदेशसभा सदस्यका लागि हरियो र पालिका प्रमुख तथा उपप्रमुखका लागि रातो रङको मतपत्रको व्यवस्था गरिएको छ । मतदान बिहान ७ देखि अपराह्न ३ बजेसम्म हुनेछ ।
मतगणना महेन्द्र नारायण निधि संस्कृति केन्द्रमै गरिने प्रमुख चौधरीले बताए ।
मधेशमा दुई सदस्यका लागि पाँच जनाको उम्मेदवारी छ ।
अन्य समूहतर्फ नेपाली कांग्रेसका आनन्दप्रसाद ढुङ्गाना (धनुषा), नेकपा (एमाले) का कुमारी विजेता झा (धनुषा) र जनमत पार्टीका रामशङ्कर महासेठ (धनुषा)को उम्मेदवारी छ ।
महिलातर्फ एमालेकी उषादेवी थरुनी (पर्सा) र जनता




समाजवादी पार्टी (जसपा) की पूजा चौधरी (रौतहट) को उम्मेदवारी छ । मधेश प्रदेशसभा सदस्य एक सय सात र स्थानीय तहका प्रमुख–उपप्रमुख दुई सय ६७ सहित तीन सय ७४ मतदाताले मतदान गर्नेछन् । प्रदेशमा एक सय ३६ स्थानीय तह छन् । स्थानीय तहका पाँच पदाधिकारी निलम्बनमा छन् ।
लोसपामा अभिराम शर्मा हत्या प्रकरणमा जन्मकैद भए पनि उनको मतदाता नामावलीमा नाम छ । प्रदेशसभा सदस्यको मतभार ५३ का आधारमा पाँच हजार छ सय ७१ र स्थानीय तहका प्रमुख–उपप्रमुख र अध्यक्ष–उ पाध्यक्षको मतभार १९ का आधारमा पाँच हजार ७३ सहित १० हजार सात सय ४४ मतभारत मधेश प्रदेशमा रहेको छ ।

### सबै जनकपुर पुगे

राष्ट्रिय सभा निर्वाचनका लागि पर्साको वीरगंज महानगरपालिकासहित १४ पालिकाका प्रमुख, उपप्रमुख, अध्यक्ष, उपाध्यक्ष तथा पर्साबाट निर्वाचित प्रदेश सभा सदस्यसहित आठै जिल्लाका जनप्रतिनिधि मतदानका लागि जनकपुर पुगेका छन् । बिहीबार प्रभु साह नेतृत्वको आम जनता पार्टीले मधेश बन्द घोषणा गरेसँगै निर्वाचित जनप्रतिनिधि बुधबार नै मतदानस्थल जनकपुर पुगेका हुन् ।

## निर्वाचन निष्पक्ष बनाउन आग्रह

निर्वाचन आयोगले बिहीबार हुने राष्ट्रियसभा सदस्य निर्वाचन स्वच्छ, स्वतन्त्र, निष्पक्ष र भयरहित वातावरणमा सम्पन्न गर्न–गराउन आग्रह गरेको छ ।
निर्वाचनका लागि आवश्यक सुरक्षा व्यवस्थासहित तयारी पूरा भएको जनाउँदै आयोगले कानुनी व्यवस्थाबमोजिम निर्वाचनमा स्वच्छता, निष्पक्षता, पारदर्शिता तथा भयमुक्त वातावरण कायम राख्न मंगलबार राति १२ बजेपछि मतदान कार्य समाप्त नहुन्जेलसम्म प्रचारप्रसार निषेध अवधि कायम गरेको छ ।
प्रदेशसभाका सदस्य, गाउँपालिकाका अध्यक्ष र उपाध्यक्ष तथा नगरपालिकाका प्रमुख र उपप्रमुखले मतदान गर्ने यस निर्वाचनमा माघ ११ गते बिहान ९ बजेदेखि अपराह्न ३ बजेसम्म सम्बन्धित प्रदेशको तोकिएका मतदानस्थल तथा मतदान केन्द्रमा मतदान हुनेछ ।
फागुन २१ गते रिक्त हुने १९ राष्ट्रियसभा सदस्यका लागि आज बिहीबार निर्वाचन हुँदैछ ।
यसपटक कायम प्रदेशसभा सदस्य र स्थानीय तहका प्रमुख–उपप्रमुख गरी दुई हजार ४७ मतदाता र मतभार ५७ हजार ५ सय ५९ रहेको छ । प्रदेशसभामा ५ सय ४९ सदस्य र गाउँपालिकाका अध्यक्ष र उपाध्यक्ष तथा नगरपालिकाका प्रमुख र उपप्रमुख गरी एक हजार ४ सय ९८ मतदाता छन् ।

## आजपाद्वारा शक्ति प्रदर्शन, बन्द आव्हान





**सञ्जय मिश्रा**
**रौतहट ।**
प्रभु साह नेतृत्वको आमजनता पार्टीले बिहीबार आव्हान गरेको एकदिने बन्दको पूर्व सन्ध्यामा मधेश प्रदेशभर शक्ति प्रदर्शन भएको छ । कतै सामाजिक काम गरेर सर्वसाधारणको ध्यान केन्द्रित गरिएको छ । कतै शक्ति प्रदर्शन अन्तर्गत मसाल जुलुस प्रदर्शन गरिएको छ ।
बिहीबारको बन्द सफल पार्न आग्रह गर्दै मधेश प्रदेशको राजधानी जनकपुरसँगै सबै जिल्लाको सदरमुकामलगायतका स्थानमा आजपा कार्यकर्ताले बुधबार साँझ मसाल जुलुस प्रदशन गरे । आमजनता पार्टीनिकट आइटी आर्मीका अध्यक्ष चन्द्रभुषण साहको नेतृत्वमा बुधबार जानकी मन्दिरमा सरसफाइ गरिएको छ ।
यस्तै, जनकपुरका दुई स्थानमा बुधबार साँझ मसाल जुलुस प्रदर्शन गरिएको अध्यक्ष साहले बताए ।
त्यसैगरी रौतहटको सदरमुकाम गौर, चन्द्रनिगाहपुर र गरुडामा मसाल जुलुस प्रदर्शन भएको छ । आमजनता पार्टीका जिल्ला इन्चार्ज त्रिभुवन साह, जिल्ला अध्यक्ष धर्मेन्द्र पटेल, पूर्व मेयर सियाराम कुशवाहा, पलट चौधरी, लालबाबु मन्सुरी, सुरेश चौधरी, अशोक चौधरीलगायत दर्जनौँको संख्यामा रहेका कार्यकर्ताले चन्द्रनिगाहपुरमा मसाल जुलुस प्रदर्शन गरे । राजमार्ग पूर्वतर्फबाट नाराजुलुससहित आएका प्रदर्शनकारी र प्रहरीबीच चन्द्रपुर मुख्य चोकमा सामान्य झड्प भएको थियो । उता उमाशंकर साह, निवेश यादव, बिक्रम साहले गौरमा र अनिल झा, विजय साहले गरुडास्थित मसाल जुलुसको नेतृत्व गरेका थिए ।
मसाल जुलुस प्रदर्शनक्रममा चन्द्रपुरमा प्रहरीसँग सामान्य झडप भए पनि गौर र गरुडामा शान्तिपूर्ण प्रदर्शन भएको आमजनता पार्टीका जिल्ला अध्यक्ष त्रिभुवन साहले बताए ।
आम जनता पार्टीले आयोजना गरेको मधेश बन्दको पूर्वसन्ध्यामा बिहीबार साँझ वीरगंजमा राँके जुलुस प्रदर्शन गरिएको छ । आम जनता पार्टीको भ्रातृसंगठन आइटी आर्मीको आयोजनामा राँके जुलुस प्रदर्शन गरिएको हो । नगर परिक्रमापछि घण्टाघरमा जुलुस समापन भएको थियो ।
यस्तै, बाराको कलैया, सर्लाहीको मलंगवालगायत मधेश प्रदेशको सबै जिल्ला सदरमुकामलगायतका अन्य बजारमा बुधबार साँझ मसाल जुलुस प्रदर्शन गरिएको आमजनता पार्टीले जनाएको छ ।
बैंकले लिने गरेका मनोमानी ब्याज फिर्ता गराउन, लघुवित्त र सहकारीको सम्पूर्ण ऋण मिनाह गराउन तथा आमजनतालाई सहज कर्जा दिलाउन माग गर्दै पूर्व मन्त्री प्रभु साह नेतृत्वको आम जनता पार्टीले आन्दोलन गर्दै आएको छ भने बिहीबार मधेश बन्द आव्हान गरेको छ ।

## हुम्लाको तापक्रम माइनस १०

**रासस**
**हुम्ला ।**
हिमाली जिल्ला हुम्लामा बुधबार यस वर्षकै बढी चिसो महसुस गरिएको छ । हिउँदयाममा हिमपात नभए पनि यस वर्ष अत्यधिक चिसो महसुस गरिएको स्थानीय बताउँछन् । जिल्लाको मौसममा बदलीसँगै बिहानबाट बाक्लो बादल लाग्दा चिसो बढेको हो । मङ्गलबार साँझदेखि आकाशमा बादलले छोपेसँगै बुधबार बिहानदेखि चिसो अत्यधिक बढेको छ ।
जिल्लामा मौसममा परिवर्तन भइरहेकाले स्थानीयको दैनिकी कष्टकर हुनुका साथै हवाई यातायात पनि प्रभावित भएको सिमकोट विमानस्थलका प्रमुख मेन्द्र सिंहले बताए । उनका अनुसार विमानस्थलमा रहेको मौसम मापन गर्ने उपकरणमा तापक्रम माइनस १० डिग्री सेल्सियस देखिएको छ ।
'हुम्लाको तापक्रम माइन १० डिग्री सेल्सियस छ, भने उत्तरी नाम्खामा तापक्रम झन घटेको छ,' प्रमुख सिंहले भने । तापक्रम माइनसमा झरेसँगै चिसो बढेपछि चिसोबाट बच्न सतर्कता अपनाउन स्वास्थ्य सेवा कार्यालय हुम्लाका प्रमुख प्रेम सिंहले सबैमा अनुरोध गरेका छन् । चिसो ह्वात्तै बढेपछि स्थानीयवासी तथा कर्मचारीले दैनिक उपयोगका लागि दाउरा सङ्कलन गर्न थालेका छन् । जाडो मौसममा एक भारी दाउराको मूल्य एक हजार रुपैयाँसम्म पर्ने गरेको छ ।



शीतलहर तथा चिसोबाट बच्ने उपायहरु

प्रायः प्रत्येक वर्ष तराई तथा भित्री मधेशका जिल्लाहरुमा जाडोयाममा शीतलहर तथा चिसोको कारण जनजीवन प्रभावित हुने गरेको छ । त्यसैले चिसोबाट बच्न निम्न उपायहरु अपनाउनु हुन सर्वसाधारणमा अनुरोध छ ।
- गोडामाथिदेखि नै बाक्लो तथा न्यानो लुगा लगाउने गरौं ।
- धुम्रपान तथा मद्यपानको सेवन नगरौं ।
- कोठा न्यानो पारौं र पर्याप्त हावा ओहोर-दोहोर हुने व्यवस्था मिलाऔं ।
- बालबालिका, बृद्ध-बृद्धा, गर्भवती तथा दीर्घ रोगीहरुलाई चिसोबाट जोगाऔं ।
- आमाको दूध खाने बच्चाहरुलाई नियमित रुपमा स्तनपान गराऔं ।
- तातो तथा पोषिलो झोल पदार्थहरु प्रशस्त सेवन गरौं ।
- स्वास्थ्यसम्बन्धी कुनै समस्या आइपरेमा, ज्वरो आएमा, झाडापखाला लागेमा, दम बढेमा, खोकी लागेमा, छाती घ्यार-घ्यार भएमा वा श्वास फेर्न कठिनाई भएमा तुरुन्त नजिकको स्वास्थ्य संस्थामा सम्पर्क राखौं ।
- सुत्ने कोठामा आगो, मकल, कोइला बाली झ्याल ढोका बन्द गरेर सुत्नु हुँदैन । जसले गर्दा श्वास फेर्न नसकी निसास्सिएर मृत्युसमेत हुन सक्छ ।
- आगो बालेको ठाउँमा बच्चाहरुलाई एक्लै नछोडौं ।

छरछिमेकमा कोही बिरामी परेमा नजिकको स्वास्थ्य संस्थामा खबर गरौं र यथाशक्य चाँडो आवश्यक उपचारको लागि लैजाऔं ।

शहिदनगर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
यदुकुहा, धनुषा, मधेश प्रदेश

# कलेजो दिएर वीरगंजकी सीताले बचाइन् छोरा



**रासस**
**भक्तपुर ।**
आमाका लागि उसका सन्तान कलेजोको टुक्रा सरह हुन्छन भन्ने पुस्तौँदेखिको भनाइलाई वीरगंज पर्साकी ३० वर्षीया सीता भट्टले प्रमाणित गरेकी छन् ।
कलेजोमा भएको क्यान्सरले जीवनसँग सङ्घर्ष गरिरहेका तीन वर्षीय छोरा रिसव भट्टलाई आमा सीताले कलेजोको टुक्रा दिएर नयाँ जीवन दिएकी छन् । शहीद धर्मभक्त राष्ट्रिय प्रत्यारोपण केन्द्र, भक्तपुरमा उपचाररत रिसवलाई आमा सीताको ४० प्रतिशत कलेजोको सफल प्रत्यारोपण गरिएको अस्पतालका वरिष्ठ मिर्गौला तथा कलेजो प्रत्यारोपण शल्य चिकित्सक एवं शहीद धर्मभक्त राष्ट्रिय प्रत्यारोपण केन्द्रका कार्यकारी निर्देशक डा पुकारचन्द्र श्रेष्ठले बताए । उनको नेतृत्वमा चिकित्सकसहितको ५० जनाको टोलीले निरन्तर १४ घण्टाको शल्यक्रियापछि कलेजोको सफल प्रत्यारोपण गरेको हो । कलेजो झिकेको छ दिनमा आमा र नौ दिनपछि छोरालाई 'डिस्चार्ज' गरिएको केन्द्रका कार्यकारी निर्देशक डा श्रेष्ठले राससलाई जानकारी दिनुभयो ।
हाल बालक र आमा दुवैको स्वास्थ्य अवस्था सामान्य रहेको डा श्रेष्ठको भनाइ छ । बालकमा कलेजो प्रत्यारोपणका लागि केन्द्रमा कार्यरत सम्पूर्ण चिकित्सक, नर्सिङ तथा अन्य प्राविधिक जनशक्ति, पाटन अस्पतालका बालरोग विशेषज्ञ डा पूजा अमात्यलगायतको नर्सिङ टोली, कान्ति बाल अस्पतालका वरिष्ठ बाल रोग विशेषज्ञ डा सुमित अग्रवाल र डा वर्षा बर्मा तथा भारतीय चिकित्सकको सहायता लिइएको उनले बताए ।
दाताको काटिएको कलेजो तीन महिनामै ९० प्रतिशतसम्म वृद्धि हुने र दातामा कुनै समस्या नआउने डा श्रेष्ठको भनाइ छ ।
रिसब बुबा रूपक र आमा सीता भट्टका एक्ला छोरा हुन् ।
रिसवलाई सुरुमा बान्ता हुने, वाकवाकी लाग्ने, खाना अपच हुने जस्ता समस्या देखिएपछि भरतपुर क्यान्सर अस्पतालमा लगिएको थियो । त्यहाँ जाँच गर्दा उनको कलेजोमा क्यान्सर पहिचान भएपछि कीमोथेरापी दिइएको थियो । आमा सीताका अनुसार क्यान्सर रोगको पहिचान भएपछि बालकलाई उपचारका लागि भारतका दिल्लीमा लगिएको थियो । तर भारतमा उपचार गर्दा धेरै खर्च भएपछि आफन्त र एक चिकित्सकमार्फत भक्तपुरको प्रत्यारोपण केन्द्रमा ल्याएर बालकमा कलेजो प्रत्यारोपण गरिएको हो । केन्द्रका वरिष्ठ प्रशासन सहायक विश्वनाथ पौड्यालले एउटा कलेजो प्रत्यारोपणका लागि १५ देखि २० लाख रुपैयाँसम्म खर्च हुने बताए । तर तीन वर्षे बालकको हकमा भने १५ लाख रुपैयाँ मात्रै अस्पतालले लिएको उनको भनाइ छ ।
केन्द्रले पहिलो पटक सन् २०१६ डिसेम्बरमा कलेजो प्रत्यारोपण गरेको थियो ।
केन्द्रले सुरुको केही वर्ष वार्षिक एक÷दुई वटामा मात्रै कलेजो प्रत्यारोपण गर्दै आएकोमा यसवर्ष १० जनाको सफल कलेजो प्रत्यारोपण गरिसकेको केन्द्रका कार्यकारी निर्देशक डा श्रेष्ठले जानकारी दिए । केन्द्र स्थापनाको ११ वर्षमा कूल एक हजार एक सय ८८ जनामा मिर्गौला र १८ जनामा कलेजो प्रत्यारोपण भइसकेको उनी बताउँछन् ।

# विदेश जानेहरु ठगीमा पर्न थालेपछि यात्रा 'एड्भाइजरी' जारी

**रासस**
**काठमाडौँ ।**
गृह मन्त्रालयअन्तर्गतको अध्यागमन विभागले भ्रमण भिसामा विदेश जाने नेपाली ठगीमा पर्न थालेपछि भिजिट तथा पर्यटक भिसामा विदेश जाने नेपाली नागरिकका लागि १३ बुँदे नयाँ यात्रा परामर्श (ट्राभल एड्भाइजरी) र छबुँदे कार्यविधि जारी गरेको छ । अध्यामगन विभागबाट बुधबारदेखि लागू हुने गरी उक्त यात्रा परामर्श र कार्यविधि जारी गरिएको विभागका निर्देशक एवं सूचना अधिकारी प्रेमप्रसाद दाहालले जानकारी दिए । उनले उक्त परामर्श र कार्यविधि बुधबारदेखि लागू भएको पनि जानकारी दिए ।
'भिजिट' र पर्यटक भिसामा विदेश गएर कामको खोजी गर्नु गैरकानुनी कार्य भएको जानकारी दिँदै यात्रा एड्भाइजरीमा यस्तो भिसा लिएर विदेशमा गई कामको खोजी गर्दा सम्बन्धित देशको कानुनअनुसार कारबाहीमा परिने र विभिन्न प्रकारका समस्या भोग्नुपर्ने भएकाले सचेत हुन आग्रह गरिएको छ ।भिजिट वा पर्यटक भिसामा यात्रा गर्ने यात्रीले नक्कली कागजात पेस गर्ने, झुटा विवरण तयार गर्ने, भिसाको उद्देश्य विपरीत एक देशको गन्तव्य भनी अन्यत्र देशको भ्रमण गर्ने, द्वन्द्वग्रस्त मुलुकसम्म पुगी अलपत्र पर्ने, विदेशी सशस्त्र तथा सैनिक सेवामा प्रवेश गर्नेजस्ता गतिविधिबाट सिर्जित अवस्थाको सम्बन्धमा व्यक्ति स्वयं नै जिम्मेवार हुने जनाइएको छ ।
यसैगरी, श्रम गन्तव्य मुलुक कुवेत, ओमन, संयुक्त अरब इमिरेट्स र बहराइनजस्ता देशमा विचौलियाको प्रभावमा महिलालाई भिजिट वा पर्यटक भिसामा पुगी 'वर्किङ' भिसामा परिणत गराउने र त्यस्तो कार्यबाट महिलालाई विभिन्न प्रलोभनमा पारी बढी रकम असुल गरी ठग्ने, रोजगारदातासँगको मिलेमतोमा असुरक्षित र अमर्यादित श्रम कार्यमा संलग्न गराउन सक्नेतर्फ पनि सचेत गराइएको छ । तोकिएको भन्दा अन्य गन्तव्य मुलुकमा पठाउने, असङ्गठित र घरेलु प्रकृतिका जोखिमयुक्त कार्यमा संलग्न गराउने, सामाजिक सुरक्षाबाट वञ्चित हुनुपर्नेजस्ता सम्भावना रहेकाले काम गर्ने मनसायले विदेश जाँदा भिजिट वा पर्यटक भिसामा नगई वर्किङ भिसामा नेपाल सरकारबाट श्रम स्वीकृति लिएरमात्र प्रस्थान गर्न विभागले अनुरोध गरेको छ ।
विभिन्न मुलुकमा भिजिट वा पर्यटक भिसामा गएका केही नेपाली यात्री उल्लेखित मितिमा फर्कने गरेको नपाइएकाले असमान्य परिस्थितिबाहेक अन्य अवस्थामा तोकिएको मितिभित्र स्वदेश फर्कन पनि अनुरोध गरिएको छ ।अन्यथा यसबाट सृजना हुने अवस्थाका सम्बन्धमा व्यक्ति स्वयं जिम्मेवार हुने हुनाले समयमै स्वदेश फर्कनेछु भनी स्वःघोषणा गरेर मात्र प्रस्थान गर्नुहुन र विदेश प्रस्थान गर्नुअघि सम्बन्धित देशको भाषा, संस्कृति र कानुनसम्बन्धी सामान्य जानकारी राखेरमात्र भ्रमण गर्न पनि आग्रह गरिएको छ । यात्रा परामर्शमा भनिएको छ, 'शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयसँग सूचीकृत भएका विश्वविद्यालयमा भर्ना भएर विदेश जाने र सम्बन्धित विश्वविद्यालयमा नपढी गलत ढङ्गबाट काम गर्दा समस्या आउन सक्ने एवं पछिल्ला दिनमा अध्ययन भिसामा रहेर पनि काम गर्न एवं पैसा कमाउन सकिन्छ भनेर विभिन्न बिचौलियामार्फत विदेशी विश्वविद्यालयहरुमा भर्ना भई काम गर्ने मनसायले भ्रमण गर्दै हुनुहुन्छ भने काम गर्ने र पढ्ने विषय अलग–अलग भएकाले यसमा थप सतर्कता अपनाउनुहोस् ।' विदेश यात्रामा नेपालको विमानस्थलबाट मात्र यात्रा गर्न, एनओसी लेटर लिएर यात्रा गर्न र महिलाको हकमा भारतका विमानस्थल भएर तेस्रो मुलुक यात्रा गर्दा भने थप सजगता एवं सावधानी अपनाउन पनि अनुरोध गरिएको छ । श्रम स्वीकृति लिएर विदेशमा पठाउने भनी आश्वासनसहित रकम माग गरेमा सो रकम बुझाउनुपूर्व सो इजाजतपत्रवाला संस्थाको आधिकारिकताको कागजात माग गर्न भनिएको छ ।
यस्तै शैक्षिक परामर्शदाता, ट्राभल्स एजेन्सी वा कुनै व्यक्तिले वैदेशिक रोजगारमा पठाइदिन्छु भनी आश्वासन दिई रकम मागेमा रकम नबुझाउन आग्रह गरिएको छ । आफू ठगीमा पर्दैछु भन्ने लागेमा सोको जानकारी वैदेशिक रोजगार विभाग वा नजिकको प्रहरी कार्यालय तथा नेपाल प्रहरीको टेलिफोन १०० मा जानकारी दिन पनि अनुरोध गरिएको छ ।
वैदेशिक रोजगारीमा पठाउने इजाजत प्राप्त संस्थालाई नेपाल सरकारले तोकेको न्यूनतम रकम मात्र बुझाई सोको रसिद लिन आग्रह गर्दै विभागले एजेन्टको व्यवस्था नभएकाले झुटा आश्वासन दिएमा विश्वास नगर्न पनि भनिएको छ । मित्रराष्ट्र भारत तथा बेलायती सेनामा नेपाल सरकारको स्वीकृतिमा भर्ना हुनेबाहेक अन्य देशका सेना वा सशस्त्र समूहमा भर्ना हुने कार्य पूर्ण रुपमा गैरकानुनी र राष्ट्रहित विपरीत भएको यात्रा परामर्शमा जानकारी गराइएको छ । यस्तो कार्य गर्ने व्यक्तिलाई उद्धार गर्नसमेत कठिन हुने भएकाले कुनै पनि अवस्थामा यस्तो कार्य नगर्न पनि अनुरोध गरिएको छ ।

# सातै प्रदेशका अस्पतालमा चिकित्सा शिक्षा अध्यापन हुने



**रासस**
**काठमाडौँ ।**
स्वास्थ्य तथा जनसंख्यामन्त्री मोहनबहादुर बस्नेतले आगामी शैक्षिक सत्रदेखि एक सयदेखि तीन सय श्ययाका अस्पतालमा नर्सिङ र 'प्यारामेडिक्स'को पढाइ सुरु हुने बताएका छन् ।
बुधबार यहाँ शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पताल टेकुको ९०औँ वार्षिकोत्सव समारोहमा मन्त्री बस्नेतले आगामी शैक्षिक सत्रमा सातै प्रदेशका साविकका अञ्चल अस्पतालमा चिकित्सा शिक्षाको अध्यापन सुरु गर्न मन्त्रालयले तीव्र तयारी गरिरहेको जानकारी दिए । उनले टेकु अस्पताललाई मन्त्रालयको नीतिअनुसार नर्सिङ तथा पारामेडिकको शैक्षिक कार्यक्रम सञ्चालनका लागि तयार रहन निर्देशन दिए । 'आउँदो शैक्षिक सत्रदेखि देशका सबै ठूला अस्पतालमा नर्सिङ र प्यारामेडिक्सको पढाइ सुरु हुन्छ । सरकारको निर्णय छिटो कार्यान्वयनमा ल्याउन मन्त्रालयले तयारी गरिरहेको छ' उनले भने, 'यस अस्पतालले पनि आवश्यक जनशक्ति उत्पादनको तयारी गर्नुपर्छ ।'
मन्त्रालयले एक सयदेखि तीन सय श्ययासम्मका अस्पतालमा नर्सिङ र प्यारामेडिक्सको पढाइ गर्ने र तीन सय श्ययाभन्दा माथिका अस्पतालमा 'एमबिबिएस' को पढाइ गर्ने निर्णय गरेर मन्त्रिपरिषद्मा पठाइ सकेको मन्त्री बस्नेतले जानकारी दिए । सरकार चिकित्सा शिक्षा ऐन परिमार्जनको तयारीमा लागको कार्यक्रममा जानकारी गराइएको थियो । वार्षिकोत्सव समारोहमा अस्पतालमा निर्देशक डा युवानिधि बसौलाले तीन सय श्ययाको विशिष्टकृत सरुवा रोगको नयाँ भवन निर्माण प्रक्रियामा रहेको जानकारी दिए । उनले विशिष्टकृत अस्पतालको न्यूनतम् सेवा मापदण्ड सुरु भइसकेको बताए । नर्सिङ प्रशासक रोशनीलक्ष्मी तुईतुईले अस्पतालले आउँदो शैक्षिक सत्रदेखि नर्सिङको पढाइ गर्ने गरी तयारीबारे जानकारी दिँदै सरकारबाट अनुमति प्राप्त भएमा अध्यापन सुरु गरिने प्रतिबद्धता जनाइन् ।
वार्षिकोत्सवका अवसरमा कोभिड–१९ को महामारीमा अग्रणी भूमिका निर्वाह गरेको भन्दै अस्पतालले प्रमुख कन्सल्टेन्ट फिजिसियन डा विमल शर्मा चालिसेलाई सम्मान गरेको थियो । अस्पतालमा अहिले एक सय श्यया सञ्चालनमा रहेको छ । त्यसमा २० वटा आकस्मिक श्यया रहेका छन् । अस्पतालबाट दैनिक दुई हजार जना बिरामीले बहिरङ्ग सेवा लिने गरेको निर्देशक डा बसौलाले जानकारी दिए । गत आर्थिक वर्ष २०७९÷८० मा यस अस्पतालबाट एक लाख छ सय १९ जनाले बहिरङ्ग उपचार सेवा लिएका छन् । सोही आवमा ११ हजार चार सय ४६ जना बिरामीले आकस्मिक उपचार सेवा लिएका छन् भने एक हजार नौ सय ८७ जना अस्पतालमा भर्ना भएका थिए ।

# वैकल्पिक रेलमार्गको अध्ययन गर्न समिति




**रासस**
**चितवन ।**
भरतपुर महानगर हुँदै जाने प्रस्तावित रेलमार्गमा एक हजारभन्दा बढी घर पर्ने भएपछि वैकल्पिक रेलमार्गको अध्ययन गरिने भएको छ ।
भरतपुर महानगरपालिकाले आज बोलाएको छलफल कार्यक्रममा वैकल्पिक मार्गका बारेमा अध्ययन गर्न समिति बनाउने निर्णय गरेको हो । रेल विभाग, परामर्शदाता कम्पनी, राजनीतिक दलका प्रतिनिधि र सरोकारवाला छलफलमा सहभागी थिए । महानगर प्रमुख रेनु दाहालका अनुसार महानगर, रेल विभाग र कोरियन परामर्शदाताका प्रतिनिधि सहभागी भएर वैकल्पिक रेलमार्गको अध्ययन गर्ने सहमति भएको हो ।
महानगरपालिकाले भरतपुर वडा नं ११ र १२ को वन क्षेत्रको सीमाबाट वैकल्पिक रेलमार्ग प्रस्ताव गरेको छ । यसैगरी राप्ती नदी किनार हुँदै दोस्रो विकल्प महानगरले प्रस्ताव गरेको छ । यी मार्गको अध्ययन गर्न लागिएको हो ।
प्रमुख दाहालका अनुसार अहिले प्रस्तावित रेलमार्गमा महानगरपालिकाको वडा नम्बर ८, ७, ४ र १६ का एक हजारभन्दा बढी घरधुरी पर्दछन् । बाक्लो बस्ती हुँदै रेलमार्ग सम्भावना नहुने भएकाले वैकल्पिक मार्गको प्रस्ताव गरेको उहाँले जानकारी दिनुभयो । रेलमार्ग प्रस्ताव गरिएका क्षेत्रका बासिन्दाले ठूलो नोक्सान हुने भन्दै सङ्घर्ष समिति बनाएर दबाब दिँदै आएका छन् ।
स्थानीयको मागपछि केही दिनअघि महानगरपालिकाले भौतिक पूर्वाधार तथा यातायातमन्त्री प्रकाश ज्वालासहित सचिव, रेल विभागका महानिर्देशकलगायतको उपस्थितिमा महानगरपालिकाले छलफल गरेको थियो । छलफलमा रेल विभागका महानिर्देशक रोहितकुमार विसुरालसहित विभागका परामर्शदाता कम्पनीका इञ्जिनियरहरुको सहभागिता रहेको थियो ।

# सवारी चालक अनुमतिपत्र छाप्ने अधिकार प्रदेशलाई दिने तयारी

**रासस**
**काठमाडौँ ।**
भौतिक पूर्वाधार तथा यातायातमन्त्री प्रकाश ज्वालाले सवारी चालक अनुमतिपत्र छाप्ने अधिकार प्रदेश सरकारलाई दिने तयारी भइरहेको बताएका छन् ।
पार्टीको केन्द्रीय स्कुल विभागद्वारा बुधबार आयोजित प्रशिक्षण कार्यक्रममा मन्त्री ज्वालाले जनतालाई सहजरुपमा सेवा उपलब्ध गराउन अनुमतिपत्र छाप्ने अधिकार प्रदेशलाई दिन लागिएको बताए । सवारी चालक अनुमतिपत्रका लागि रकम भुक्तानी र आवेदन अनलाइनमार्फत भर्न सकिने बताए । 'केही दिनअघि हामीले प्रदेशका सम्बन्धित मन्त्री र सचिवसँग बसेर यसका बारेमा छलफल गरेका छौँ', मन्त्री ज्वालाले भने, 'अब सवारी चालक अनुमतिपत्रलाई प्रदेशस्तरीय बनाउनुपर्छ, सङ्घमा राखेर हुँदैन भन्ने निष्कार्ष निकालेका थियौँ ।' यसलाई अझ प्रभावकारी र भरपर्दो बनाउने गृहकार्यमा मन्त्रालय जुटिरहेको बताउँदै उनले भने, 'हाम्रा केही सीमा छन् । ती सीमालाई सम्मान गर्दै हामीले केही राम्रा कार्यहरु गरेका छौँ । रकम भुक्तानी र आवेदन अनलाइनमार्फत भर्न सकिने व्यवस्था गरेका छौँ । सवारी लाइसेन्समा भएको घोटाला बाहिरा ल्याएका छौँ ।' मन्त्री ज्वालाले करिब २९ हजार नक्कली लाइसेन्स खारेज भइसकेको जानकारी दिँदै छापिएका करिब एक लाख नक्कली लाइसेन्स रद्द गर्ने प्रक्रिया अगाडि बढाउने प्रतिबद्धता व्यक्त गरे ।
नक्कली लाइसेन्सको घोटालामा केहीको संलग्नता देखिएकाका थप अनुसन्धान गरिने बताए ।

# यु–१९ विश्वकपमा नेपालको लगातार दोस्रो हार




**मधेशदृष्टि**
**वीरगंज ।**
नेपालले आइसिसी यु–१९ विश्वकपमा लगातार दोस्रो हार ब्यहोरेको छ । दक्षिण अफिकाको बफेलो पार्क क्रिकेट मैदानमा बुधबार नेपाल पाकिस्तानसँग पाँच विकेटले पराजित भएको हो । लगातार दोस्रो जितसँगै समूह 'डी' को पाकिस्तानले दुई खेलमा चार अंक जोडेको छ । लगातार दोस्रो पराजय ब्यहोरेको नेपाल समान खेलबाट अंकविहिन छ ।
नेपालले प्रस्तुत गरेको १ सय ९८ रनको लक्ष्य पाकिस्तानले ४७.४ ओभरमा पाँच विकेट गुमाउँदै पूरा गर्यो । पाकिस्तानका लागि अजान अवैस्ले ८२ बलमा ६ चौकाको मद्दतले अविजित ६३ रनको योगदान गरे । यसैगरी शमिल हुसेन र शहजैब खानले समान ३७, अहमद हसनले २९ र हरुन अर्शदले अविजित १५ रन बनाए । नेपालका लागि आकाश चन्दले तीन तथा दिपेश कँडेल र आकाश त्रिपाठीले समान एक विकेट लिए । त्यसअघि टस जितेर ब्याटिङ रोजेको नेपालले निर्धारित ५० ओभरमा सबै विकेट गुमाउँदै १ सय ९७ रनको योगफल तयार पारेको थियो ।
नेपालका लागि विपिन रावलले ३९, दीपक डुम्रेले २६, कप्तान देव खनालले २३, सुवास भण्डारीले २०, गुल्सन झाले १८ र अविजित १६ रन बनाए ।
पाकिस्तानका लागि अराफत मिन्हासले तीन, अहमद हुसेनले र उवैद शाहले समान दुई तथा खुबैब खलिल, मोहम्मद जिशान र अली अस्फन्दले समान एक विकेट लिए । पहिलो खेलमा नेपाल न्युजिल्यान्डसँग ६४ रनले पराजित भएको थियो ।
पाकिस्तानले पहिलो खेलमा अफगानिस्तानलाई १ सय ८१ रनले हराएको थियो । अब नेपालले शुक्रबार अफगानिस्तानको सामना गर्नेछ ।

# 'गृहमन्त्रीले फोन उठाउनु...

राजतन्त्रको पक्षमा उभिइरहेको दाबी गरे । उनले राजालाई 'पूर्वराजा' भनेर अपमान गरिएको जिकीर गरे । पूर्वराजाको अभिनन्दनको तयारी भइरहँदा राजा र पूर्वराजा भन्ने नै विवादमा चन्दको दाबी थियो, 'हामी त ब्यानरमा राजा नै लेख्छौँ, अब अरुलाई आपत्ति छ भने के लेख्न पर्ने हो, जानकारी पाउँ, त्यही लेख्छौँ ।' उनले पूर्वराजा शाह मुठभेडको पक्षमा नरहेको दाबी गरे । सुरक्षा समितिले शान्ति सुरक्षाको विषय मात्र सरोकार भएको र ब्यानरमा के लेख्ने भन्ने विषय सरोकार नभएको जानकारी गराएको चन्दले बताए । उनले भने, 'गृहमन्त्रीज्यूलाई पनि कार्यक्रम र ब्यानरबारे जानकारी गराउन खोजेका हौँ, उहाँले फोन उठाइरहनु भएको छैन ।' माघ ७ गते पूर्वराजा शाह हेटौँडा आउँदा प्रहरी प्रशासनले स्वागत ब्यानरमा आयोजकलाई राजाको अगाडि पूर्व थप्न निर्देशन दिएको थियो ।

# हिउँदे वर्षा नहुँदा किसान चिन्तित

**रासस**
**जनकपुरधाम ।**
माघ दोस्रो साता बित्नै लाग्दासम्म हिउँदे वर्षा नहुँदा किसान चिन्तित भएका छन् । चिसोले खेतबारीमा लगाइएका बालीका बिरुवा कक्रँदै गएको छ ।

'हुस्सु र चिसो स्याँठले अझै छाडेको छैन,' महोत्तरीको बलवा–१० धमौराका हासिम राइनले भने, 'एकपटक पानी परे हुस्सु फाटेर चिसो हावा चल्न छाड्ने थियो, तर खै पानी पर्ने त छाँट नै छैन ।' पानी नपर्दा लगातारको शितलहरले तरकारी बालीलाई क्षति पु¥याएको उनको गुनासो छ ।

'बाक्लो तुसारोले आलु बोटमै सुक्यो, गोलभैँडा सड्दै बोटबाट झर्दैछन्, कोभीका पूmल बढ्न नसकेर कक्रेका छन्,' उनले भने, 'एकपटक अहिले पानी परे मौसम सफा भएर घाम तात्न थाल्थे, बालीनालीलाई राहत मिल्थ्यो ।'

विगतमा माघ लागेपछि हुस्सु फाट्दै गएर पारिलो घाम लाग्ने किसान बताउँछन् । 'तिलासक्रायत (माघेसङ्क्रान्ति) पर्व मनाएपछि त घाम तात्थ्यो, तर यसपालि त माघ आधा हुनलाग्दासम्म हुस्सुले छाडेको छैन,' भङ्गाहा–४ रामनगरका ८५ वर्षीय किसान मोती महतोले भने, 'यो मौसमको कुलक्षण नै हो, आउने दिन खुसीका हुने छैनन् ।' हिउँदे वर्षा नहुँदा बालीनाली हुर्कन नसकेका र खानेपानीका स्रोत मुहान सुक्दै जान सक्नेमा उनले चिन्ता व्यक्त गरे ।

हिउँदे वर्षा कुहासा (हुस्सु) फटाउने, चिसो पश्चिमी हावा (स्याँठ) चल्न छाड्ने र क्रमशः घाम तताउँदै लानेमात्र नभई बालीनालीका लागि अत्यन्त पोषिलो हुने जनाइएको छ ।

बर्दिबास–१२ डाँडाटोल बिजलपुराका ७५ वर्षीय किसान रामसुन्दर ठाकुरले भर्खरै हुर्कँदै गरेका वैशाखी लहरे तरकारी, उखु, अन्नबालीमा गहुँ र आँपसहितका फलका रुख हिउँदे वर्षा पाएपछि लहलहाउने बताए । हिउँदमा पानी नपरेपछि खानेपानीका स्रोत इनार, चापाकल पनि गर्मी चढेसँगै चाँडै सुक्ने गरेका छन् ।

भङ्गाहा–४ रामनगरकै ९० वर्षीय हाजीबिहारी अन्सारीले यसपालि माघ दोस्रो साता बित्दै गर्दासम्म पानी नपरेको हुँदा नै हुस्सु र चिसो हावा नफाटेको बताए ।

फलपूmलखेती (आँप, लिच्ची, सपाटो र रुखकटहरसहितका फल) सघन हुने बर्दिबास नगरपालिकाका बिजलपुरा, पशुपतिनगर, खयरमारा, चेरु, गणन्ता, ढुङ्ग्रे, टुटेश्वर, पाटु, वरडाँडा र माईस्थानका किसान यसपालि हिउँदे वर्षा नभएपछि फलका रुखमा मज्जर (मञ्जरी) कम लाग्ने, मज्जर धेरै झर्ने र मधुवारोगको समस्या बढ्ने चिन्तामा छन् । यसैगरी जिल्लाकै फलपूmलखेतीको पकेटक्षेत्र मानिने गौशाला नगर क्षेत्रका भरतपुर, लक्ष्मीनियाँ र बेलगाछीका किसान पनि हिउँदे वर्षा नहुँदा अपेक्षित उत्पादन लिन नसकिने जनाइएको छ ।

हिउँदे वर्षाले बालीनालीका लागि माटो भिजाउनेमात्र नभई रोग लाग्न नदिने र बाली हलक्क बढाउने गर्दछ । 'हिउँदे वर्षा सिँचाइका लागिमात्र होइन, बालीको पोषण र रोग प्रतिरोधका लागि पनि सहयोग हुन्छ,' बर्दिबास–९ पशुपतिनगरको झ्याकुलेटोलका ६५ वर्षीय किसान महेन्द्र महतोले भने, 'हिउँदे वर्षा नहुँदा प्रकृतिका सन्तुलन खलबलिन्छन्, जताततै यसको असर बढ्नेछ ।' हिउँदे वर्षाको मानव र यावत जीवजन्तुको स्वास्थ्य र अन्य आहारव्यहारमा पनि सकारात्मक प्रभाव हुने ८५ वर्षीय नथुनी महतोको अनुभव छ ।

महोत्तरीको कुल ७१ हजार हेक्टर खेतीयोग्य जग्गामध्ये अधिकांशमा आकाशे पानीको भरमा खेती गरिन्छ । यहाँ १० प्रतिशतमात्र खेतीयोग्य जग्गामा स्थायी सिँचाइ (कुलो, नहर लाग्ने) पुगेको छ । हिउँदे वर्षा नहुँदा पानीका मुहान चाँडै सुक्ने र विभिन्न रोगव्याधका समस्या पनि बढ्ने गर्छन् ।

# ब्रह्मस्थानको हनुमान मन्दिरमा आगजनी

**मधेशदृष्टि**
**रौतहट ।**
रौतहटको ईशनाथ नगरपालिकास्थित जटहरा गाउँछेउमा रहेको हनुमान मन्दिरमा अज्ञात समूहले आगजनी गरेका छन् । जटहारा टोलस्थित सामुदायिक विद्यालयको प्राङ्गणमा रहेको हनुमान मन्दिर र विद्यालय नजिक रहेको ब्रहमस्थानमा मंगलबार राती अज्ञात समूहले आगजनी गरेको हो ।



त्यहाँ पराल राखेर आगो लगाएको र आगलागीबाट हनुमानको मुर्ति र ब्रह्मस्थानमा क्षति पुगेको जिल्ला प्रहरी प्रवक्ता डिएसपी एलिजा गिरीले जानकारी दिइन् । कसैले पराल राखेर मंगलबार राती मन्दिरमा आगजनी गरेको घटनाबारे स्थानीयले बुधबार बिहान प्रहरीलाई खबरपछि जिल्ला प्रहरी प्रमुख एसपी महेन्द्र कुमार श्रेष्ठ र सशस्त्र प्रहरी प्रमुख एसपी माधव रेग्मीसहितको टोली घटनास्थल पुगेको थियो ।

आगलागीबाट क्षतिग्रस्त भएको हनुमानको मूर्ति २५ बर्षअघि भारतको राजधानी दिल्लीबाट ल्याएर स्थापना गरिएको स्थानीयको भनाइ छ ।

ईशनाथमा अज्ञात समूहले हनुमान मन्दिरमा गरेको आगजनीको बुधबार नै सांसद किरण कुमार साह स्थलगत अवलोकन गरेका छन् ।

अज्ञात समूहले आगजनी गरेको हनुमान मन्दिर र ब्रह्मस्थानमा बुधबार संघीय सासद किरण कुमार साह पुगेर अवलोकन गरेका हुन् । सांसद साह आफ्ना समर्थ सहित ईशनाथको जटहारा गाउँछेउ नाराबाजीसमेत भएको थियो ।

हातहातमा धार्मिक झण्डा बोकेका हिन्दू धर्मका समर्थक जय श्रीरामको नारा लगाउँदै धार्मिक आस्थामाथि कुठाराघात गर्ने अपराधीलाई अविलम्ब पक्राउ गर्न माग गरेका छन् ।

त्यसक्रममा सांसद साहले घटनाका विषयमा अनुसन्धान गरी दोषीलाई कारबाही गर्न प्रशासनलाई आग्रह गरे ।

सामाजिक सदभाव बिगार्न खोज्ने र आराजक गतिविधि गर्नेलाई कानुनी कारबाहीमा ल्याउन स्थानीयले प्रहरी प्रशासनसँग माग गरेका छन् ।

# मट्टीअर्वा नाकामा नागरिक सहायता कक्ष

**मधेशदृष्टि**
**बारा ।**
कलैया उपमहानगरपालिका वडा नम्बर १० मट्टीअर्वा सीमा नाकामा नवनिर्मित सशस्त्र प्रहरी बल नेपालको नागरिक सहायता कक्षको उद्घाटन गरिएको छ ।

२३औँ सशस्त्र प्रहरी दिवस २०८० को उपलक्ष्यमा बुधबार नवनिर्मित सशस्त्र प्रहरी बल नेपालको नागरिक सहायता कक्षको उद्घाटन गरिएको हो ।

कलैया उपमहानगरपालिका नगरप्रमुख विनोद साहले मट्टीअर्वासहित सिम्रौनगढ, सन्तगञ्जसहितका चार वटा सीमा नाकाबाट भारत सरकारले हालै गरेको चार पाङ्ग्रे गाडी नेपाल–भारत प्रवेशमा खुला गरेको भन्दै यसको लागि कुनै नेता वा मन्त्रीको भूमिका नरहेको बताए । तर, केही व्यक्तिहरुले आफूले नै नाका खुलाएको हो कि जस्तो गरेर प्रचार गर्न थालेको उनको भनाइ थियो । कार्यक्रम सशस्त्र प्रहरी उपरीक्षक टोपबहादुर डाँगीले सशस्त्र प्रहरी बलको मुख्य जिम्मेवारीमा सीमाको सुरक्षा गर्नु नै रहेको भन्दै सीमा क्षेत्रमा हुने आपराधिक क्रियाकलाप र राजश्व चुहावट रोक्ने कार्यमा पनि सशस्त्र प्रहरीले काम गरिरहेको बताए ।

मट्टीअर्वा नाकामा नागरिक सहायता कक्ष स्थापना गर्न २०८० मंसिर १९ गते सशस्त्र प्रहरी नायब उपरीक्षक एवम् सशस्त्र प्रहरी बल नेपाल प्रस्तावित सीमा सुरक्षा गुल्म मट्टीअर्वाका गुल्मपती कवीन्द्र महर्जनको संयोजकत्वमा समिति गठन भएको थियो । नागरिक सहायता कक्ष निर्माणमा कलैया उपमहानगरपालिका, फेटा गाउँपालिका, अनमोल इट्टा उद्योगलगायतले आर्थिक र निर्माण सामग्री सहयोग गरेका थिए । तीन लाख ३५ हजार ५९ रुपैयाँको लागतमा नागरिक साहयता कक्ष स्थापना गरिएको निर्माण समितिले जनाएको छ ।

कार्यक्रममा पूर्व वडाध्यक्ष शंकरप्रसाद गुप्ता, मट्टीअर्वा प्रहरी चौकीका इन्चार्ज वरिष्ठ प्रहरी नायब उपरीक्षक श्यामबाबुप्रसाद यादव, बाँका महता, सशस्त्र प्रहरी जवान र स्थानीय बुद्धिजीवीको सहभागीस् थिए ।

# दोस्रो चरणको आन्दोलनमा राजविराजका वडा सदस्य



**मधेशदृष्टि**
**राजविराज ।**
विगत सात दिनदेखि आन्दोलनरत राजविराज नगरपालिकाका वडा सदस्यहरूले दोस्रो चरणको आन्दोलनका कार्यक्रम घोषणा गरेका छन् । बिटौरी जग्गा वाहकलाई लालपूर्जा र फुकुवा प्रक्रिया अविलम्ब सुरु गर्नुपर्नेलगायका विभिन्न सात बुँदे मागसहित विगत एक सातादेखि आन्दोलनरत वडा सदस्यहरुले दोस्रो चरणको आन्दोलन गर्ने घोषणा गरेका छन् ।

आन्दोलनरत राजविराज नगरपालिकाका वडा सदस्यहरूले आफ्नो माग पूरा नभएपछि दोस्रो चरणको आन्दोलनमा दुई घण्टा धर्ना दिने र प्रदर्शन गर्ने कार्यक्रम तय गरेको वडा सदस्य संघर्ष समितिका संयोजक रामानन्द देवद्वारा जारी विज्ञप्तिमा उल्लेख छ । पहिलो चरणको आन्दोलन सम्पन्न भए लगत्तै वडा सदस्यहरूको बुधबार बसेको बैठकले दोस्रो चरणको आन्दोलन अन्तर्गत माघ १४ गते आइतबार जुलुस प्रदर्शन तथा सोमबारदेखि सात दिनसम्म नगरपालिका कार्यालयको परिसरमा दुई घण्टा धर्ना दिने कार्यक्रम तय भएको जनाइएको छ । साथै सोही विज्ञप्तिमा उक्त समय अवधिमा समेत माग सम्बोधन नभए थप संर्घषका कार्यक्रम घोषणा गर्ने जनाएको छ । यसअघि पहिलो चरणको आन्दोलनको अन्तिम दिन बुधबार आन्दोलनरत वडा सदस्यहरू प्रति मधेश प्रदेशसभा सदस्य सतिशकुमार सिंहसहित नागरिक अगुवा र विभिन्न राजनीतिक दल तथा संघसंस्थाका प्रतिनिधिले ऐक्यवद्धता जनाएका थिए ।

ऐक्यवद्धता जनाउँदै वडा सदस्यहरूले उठाएका जनहित र आफ्नो अधिकारका ७ बुँदे माग पूरा गर्न स्थानीय, प्रदेश र संघीय सरकारसँग माग गरेका छन् ।

बिटौरी जग्गा बाहकहरू समस्या समाधानका साथै नगरपालिकाबाट प्रदान गरिने सेवा चुस्त दुरुस्त बनाउनुपर्ने, नगरबाट पारित योजनाहरू अविलम्ब कार्यान्वयनमा ल्याउनुपर्ने, नगर क्षेत्रमा सिसी क्यामरा जडान गर्नुपर्ने, छाडा पशुचौपाया नियन्त्रण गर्नु पर्ने, सुरक्षा तथा नगरका अन्य समस्या व्यवस्थापनका लागि नगर प्रहरी भर्ना गर्नुपर्ने लगायतका ७ बुँदे माग राखी चरणबद्ध आन्दोलन गर्दै आएका छन् ।

# सिम्रौनगढका कर्मचारीले अझै पाएनन् तलब

**मधेशदृष्टि**
**बारा ।**
सिम्रौनगढ नगरपालिकाका कर्मचारीहरूले विगत दुई महिनादेखि तलब पाउन सकेका छैनन् ।

नगरपालिका अन्तर्गतका करार, अस्थायी, ज्यालादारी कर्मचारीहरूले तलबको माग गर्दै र्दुई महिनादेखि धर्नामा बस्दै आएका थिए । पुस ८ गतेदेखि सिम्रौनगढ नगरपालिकालगायत सिम्रौनगढभित्रका विद्यालय, नगर अस्पताल र वडाहरूको कामकाज शुरू गरिएको थियो । बाराका तत्कालिन प्रमुख जिल्ला अधिकारी नवराज सापकोटाको अध्यक्षतामा कलैयामा बसेको बैठकमा पुस १५ गतेभित्र नगरसभा गरी कर्मचारीहरूलाई तलब दिने सहमति भएको थियो ।

आन्दोलनरत कर्मचारीबीच तीन बुँदे सहमति भए पनि अहिलेसम्म त्यसको पालना नभएकोमा कर्मचारीहरु आक्रोशित भएका छन् ।

नगरपालिकाका जनप्रतिनिधिबीचको विवादले हालसम्म नगर सभा नभएकोले कर्मचारीहरूले तलब पाउन सकेका छैनन् ।


## बिहान ५ बजे नै पिडिएफ उपलब्ध




मधेशदृष्टिका प्रिय पाठक, तपाईं इन्टरनेटको पहुँचमा हुनुहुन्छ भने बिहान ५ बजे नै मधेशदृष्टि इन्टरनेटमा पढ्न सक्नुहुनेछ । मधेशदृष्टिको पिडिएफए तपाईंका लागि www.emadheshdristi.com मा बिहान ५ नबज्दै उपलब्ध छ ।


# जन अधिकार पार्टी नेपाल गठन



**मधेशदृष्टि**
**वीरगंज ।**
पर्सामा नयाँ पार्टीको गठन भएको छ । जन अधिकार पार्टी नेपाल केन्द्रिय कार्य समितिले बुधबार पत्रकार सम्मेलनको गरी नयाँ पार्टी घोषणा गरेको हो ।

वीरगंजमा आयोजित पत्रकार सम्मेलनमा पार्टीका राष्ट्रिय अध्यक्ष इमदाद गद्दीले संघीयता, समृद्धि, सुशासन, सामाजिक न्याय र समाजवाद, संघीय लोकतान्त्रिक गणतन्त्र नेपाल पार्टीको प्रमुख एजेण्डा भएको बताए ।

पार्टीको हाल सात सदस्सीय केन्दिय कार्य समिति रहेको छ । केन्द्रिय सदस्यहरुमा उदय प्रसाद कानु, ब्रिजकिशोर प्रसाद साह, त्रिलोकी पाण्डे, रामबालक दास तत्वा, आँचल सिंह र गीता चौहान रहेका छन् । पत्रकार सम्मेलनमा बोल्दै अध्यक्ष गद्दीले बहिष्करणमा पारिएका सिमान्तकृत समुदाय, पिछड़ा वर्गलगायत उत्पीडित समुदाय र जात जातिको उत्पीडन, शोषण र विभेदबाट मुक्त गर्न आफ्नो पार्टीको जन्म भएको दाबी गरे ।

# शिक्षक विद्यार्थीको निःशुल्क रगत परीक्षण

**मधेशदृष्टि**
**रौतहट ।**
जिल्लाको उत्तर पश्चिम भेगमा पर्ने मावि दुधिअवामा शिक्षक विद्यार्थीको निःशुल्क रगत परीक्षण कार्यक्रम आयोजना गरिएको छ ।

बारा जिल्लाको कोल्हवीमा रहेको जननायक अस्पतालको आयोजना तथा मावि दुधिअवाको सहकार्यमा आयोजित उक्त कार्यक्रमको बुधबार पहिलो दिन शिक्षक र विद्यार्थी गरी तीन सय जनाको रगत परीक्षण गरिएको थियो । रगत परीक्षणको क्रममा रक्त समूह पहिचान गर्ने र त्यसको पहिचान पत्र (ब्लड ग्रुप कार्ड) एकसाथ वितरण गरिएको थियो । साथै उक्त पहिचानपत्र लिएर जननायक अस्पताल आउने व्यक्ति र उसको परिवारलाई स्वास्थ्य परिक्षणमा दश प्रतिशत छुट दिने जननायकका डा राकेश साहले बताए । उक्त अस्पतालले विगत तीन वर्षदेखि यस भेगमा विशेषज्ञ स्वास्थ्य सेवा दिँदै आएको र सुविधा सम्पन्न ल्याव व्यवस्थापनमार्फत जनताको स्वास्थ्यप्रति जिम्मेवारी बहन गर्दै आएको डा साहको भनाइ थियो ।

बाँकी विद्यार्थीको रगत परीक्षण आगामी शुक्रबार गरिने विद्यालयका सहायक प्रधानाध्यापक रञ्जन खरेलले जानकारी दिए ।

# सामानसहित सवारीसाधन नियन्त्रणमा

**मधेशदृष्टि**
**बारा ।**
बारा प्रहरीले ३१ लाख रुपैयाँ मूल्य बराबरको खुद्रा सामान र प्याजसहित सवारीसाधन नियन्त्रणमा लिएको छ ।

बाराको जितपुरसिमरा उपमहानगरपालिका वडा नम्बर १ पथलैया चोकस्थित सडकखण्डबाट मधेश प्रदेश प्रहरी कार्यालय, जनकपुर र प्रहरी चौकी पथलैया बाराबाट खटिएको संयुक्त प्रहरीले टोली उक्त मूल्य बराबरको सामानसहित सवारीसाधन नियन्त्रणमा लिएको हो ।

वीरगंजबाट काठमाडौँ र रौतहटबाट चितवनतर्फ जाँदै गरेका गाडीहरु रोकेर चेकजाँच गर्दा बिलबिजक शंकास्पद देखिएपछि पिकअप तथा ट्रक नियन्त्रणमा लिएको बाराका प्रहरी प्रवक्ता प्रहरी नायब उपरीक्षक दधिराम न्यौपानेले जानकारी दिए । प्रहरीले ना ३ ख ४५३० नम्बरको ट्रकबाट खुद्रा सामान, प्र–२–०३–००१ च २३९४ पिकअपबाट दुई हजार ६ सय केजि प्याज र बा प्र–०३–००१ ख ०१८९ नम्बरको बसमा लोड रहेको चार सय किलो प्याज बरामद गरेको छ ।

बरामद सामानको मूल्यांकन ३१ लाख ६ हजार ३ सय रुपैँया कायम गरी सामानसहित पिकअप र ट्रकलाई आवश्यक कारवाहीका लागि आन्तरिक राजश्व कार्यालय पथलैया बारामा बुझाइएको जिल्ला प्रहरी कार्यालय बाराले जनाएको छ ।

# बेथितिविरुद्धको आन्दोलन गर्न तयार रहौँः सर्राफ

**मधेशदृष्टि**
**वीरगंज ।**
जनमत पार्टीका पर्साका अध्यक्ष ओमप्रकाश सर्राफले भ्रष्टाचार र विभेदको विरुद्ध आन्दोलनको लागी तयार रहन आग्रह गरेका छन् । पर्साको छिपहरमाई गाउँपालिका वडा नम्बर –३ को वडा अधिवेशनलाई सम्बोधन गर्दै अध्यक्ष सर्राफले हरेक तहतप्काका नेता एवं जनसमुदायलाई बेथितिविरुद्धको आन्दोलनका लागि तयार रहन आग्रह गरेका हुन् । जनता समाजवादी पार्टी (जसपा) नेतृत्वको मधेश प्रदेश सरकार भ्रष्टाचारमा चुर्लिम डुबेको, कमिसनखोरीको सिमा नाघेको र बेथितिको चाङ लागेकोले जनता संघीयताको अनुभूती गर्न नसकेको उनको भनाइ थियो । अध्यक्ष सर्राफले सुशासन र समृद्धिको एक मात्र अबको विकल्प जनमत पार्टी रहेकोले सबैलाई जनमतमा गोलबन्द हुन आग्रह गरे ।

अधिवेशनद्वारा छिपहरमाई गाउँपालिका वडा नम्बर –३ को स्थानीय नेता अनिल सिहको अध्यक्षतामा ३१ सदस्यीय वडा एकाई कमिटी गठन गरेको छ ।

कमिटीको उपाध्यक्षमा बिरेन्द्र साह, लक्ष्मिना देवी, सचीवमा नितेश सिंह, कोषाध्यक्षमा सतेन्द्र सिंह, सह– सचीवमा कर्मचारी साह लगायत चयन भएका छन् । कार्यक्रममा केन्द्रीय सदस्य अधिवक्ता हरिहर साह कानु, सुजित चौरसिया, स्थानीय नेताहरु सुकेन साह, संजय सिंह, बिष्णु कुशवाहा, लोकेश कर्णलगायत उपस्थित थिए ।

# जनप्रतिनिधि र उद्योगीबीच छलफल

**मधेशदृष्टि**
**बारा ।**
जितपुरका जनप्रतिनिधि र उद्योगी व्यवसायीबीच सल्हेस बाबा मन्दिरको अतिक्रमण सम्बन्धमा बृहत छलफल भएको छ ।

बुधबार जनप्रतिनिधि र उद्योगी व्यवसायीबीच जितपुरको सल्हेस बाबा दलित समुदायको कुलदेवताको रुपमा रहेको सल्हेस बाब मन्दिरलाई थप व्यवस्थित गर्ने विषयमा छलफल भएको हिन्दु स्वयंसेवक नेपाल जितपुरका अध्यक्ष प्रिन्स गुप्ताले जानकारी दिए ।

जितपुरसिमरा उपमहानगरपालिका वडा ७ का वडा सदस्य ललिता देबी, हिन्दु स्वयंसेवक नेपालका प्रतिनिधि, बिश्व हिन्दु परिषद नेपालका प्रतिनिधि, जितपुरसिमरा नगर उद्योग वाणिज्यका प्रतिनिधिलगायतको उपस्थितिमा रहेको सल्हेस बाबा मन्दिर सघर्ष समितिका अध्यक्ष चन्द्रेश्वर पासवानले बताए ।

तिमी सम्मानजनक व्यवहार र प्रशंसालाई लिन या दिन सक्दैनौ भने छिट्टै डिप्रेसनमा जानेछौ।
– रोमी

## सम्पादकीय

# विद्रोह, आन्दोलन र सत्ता

*डाक्टर चन्द्रकाउत (सिके) राउतको पार्टी जनमतले मधेश सरकारलाई दिएको समर्थन फिर्ता लिएको छ । यसको मतलब मधेश सरकारमा रहेका उनको पार्टीका दुई वटा मन्त्री पनि फिर्ता भएको छ । माघ ११ गतेको राष्ट्रिय सभा निर्वाचनसम्म कुर्न भनेकाले मधेशका मुख्यमन्त्री सरोजकुमार यादवले जनमतका मन्त्रीहरुलाई बर्खास्त गरेका थिएनन् । जसपा अध्यक्ष उपेन्द्र यादवले माघ ११ गतेसम्म कुर्न भनेकाले उनीहरु बर्खास्तमा पर्न भ्याएनन् । माघ ३ गते मनाइएको मधेश स्वाभिमान दिवसको कार्यक्रममा उपेन्द्र यादवलाई प्रमुख अतिथि बनाउँदा जनमतले विरोध मात्र गरेन, 'साइकल चोर' भनेर जसपा नेतृत्वलाई अत्यधिक चिढाउने काम गरेको थियो । मधेश प्रदेश र लुम्बिनी प्रदेशमा राष्ट्रिय सभामा उम्मेदवार बनाएको जनमत पार्टीले माघको सुरुदेखि नै लगातार जसपा र अझ अध्यक्ष उपेन्द्र यादवको व्यक्तिगत तेजोबधमा मधेश प्रदेशमा समय खेर फालिरहेको थियो । सरकारमा बस्ने र सरकारको तेजोबध गर्ने राजनीतिक हैसियत बनाएको हो या उन्मादले संस्कारविहीन भएका हुन्, जे होस्, मधेशको बलियो शक्ति जसपालाई सामाजिक सञ्जालमा लखेटेका भरमा जनमत उदाउँछ भन्ने विश्वास जनमत नेताकार्यकर्तामा देखिन्थ्यो । अन्ततः आफैँ सहकुलपति भएको मधेश कृषि विश्वविद्यालयको उद्घाटनमा प्रहरीको लाठी खाने अवस्थामा जनमत पुगेको थियो । ४८ घण्टापछि बर्खास्त हुने संकेत पाएर नै सत्ता बाहिर पुगेको देखिन्छ ।*

*सात महिनादेखि विकासको खाता खोल्न नसकेको मधेश प्रदेश सरकारबाट जनमत बाहिरिएपछि ३० दिनभित्र मधेश सरकारले विश्वासको मत लिनु पर्ने भनेर सभामुख रामचन्द्र मण्डले बताएका छन् । यसको मतलब फेरि पनि मधेशका मुख्यमन्त्री सरोजकुमार यादवले विश्वासको मत लिनु पर्ने भएको छ । प्रदेशसभामा एमालेको २३, कांग्रेसको २२, जनता समाजवादी पार्टीको १८, जनमतको १३, माओवादी केन्द्रको ९, लोसपाको ९, एकीकृत समाजवादीको ७, नागरिक उन्मुक्ति–राप्रपा र अन्य गरी ३ र स्वतन्त्रका २ सांसद थिए । १ सय ७ सदस्यीय प्रदेशसभामा कांग्रेस, जसपा, माओवादी केन्द्र, लोसपा, एकीकृत समाजवादीका मात्रै ६५ सांसद हुन्छन्, यादवका हकमा यो आफैँमा स्पष्ट बहुमत हो । एमाले र जसपा मात्रै मिलेर पनि मधेशमा सरकार ढाल्न सक्ने हैसियत छैन । अझ जनमतले त दुई वटा मन्त्रालय पनि गुमाएको छ । उसले जसपाको भ्रष्टाचार र बेइमानी सार्वजनिक गर्ने धम्की दिएको छ । यसको अर्थ सरकारले काम गर्न खोज्दा जनमतले उल्झन ल्याउने अनुमान गर्न सकिन्छ ।*

*यता, प्रभु साह नेतृत्वको जनमतले मधेश बन्द आयोजना गरेको छ । उसले उठाएको भन्सार र प्रहरीको कमिसन हटाउ अभियानले मधेशलाई लाभ हुने देखिन्छ । त्यसैले जनमत प्रभु साहको पार्टीमा देखिन्छ । प्रभु साहले भोजपुरा र मिथिला दुवैतिर आफ्ना नेताकार्यकर्ता तयार पारेका छन् । अर्धसैन्य र सूचनाप्रविधिमैत्री पुस्ता आइटी आर्मी पनि छ । उसको आन्दोलन अरु चर्कने देखिन्छ । जे होस्, विद्रोह, आन्दोलन मधेशमै चर्कने देखिन्छ । सत्ताको गठजोड भने अंकगणितीय हिसाबले सशक्त बनेर बस्ने देखिन्छ । विकासका काममा भने बाधा अड्चन निरन्तर हुने अनुमान गर्न गाह्रो छैन ।*

## लेखक वर्गमा अनुरोध

मधेशदृष्टि दैनिक यहाँहरूबाट नवीन, सिर्जनात्मक, तार्किक, दार्शनिक, समयसापेक्ष आलेखको अपेक्षा गर्दछ। मधेश प्रदेशलाई केन्द्रित गरेर राजनीतिक, सामाजिक, आर्थिकसहित अन्य क्षेत्रका विषयमा यहाँहरूले कलम चलाउन सक्नुहुनेछ । पठाउनु भएका लेख कम्तीमा ७ दिन अन्य सञ्चारमाध्यममा नपठाउनु हुन पनि अनुरोध गर्दछौँ। लेख पठाउँदा लेखकको तस्बिर, परिचय, सम्पर्क नम्बर अवश्य उल्लेख गर्नुहोला । लेखरचना एक हजार दुई शब्दसीमामा पठाउनु हुन पनि अपिल गर्दछौँ । हाम्रो इमेल ठेगाना होः madheshdristi@gmail.com

## कार्यक्रम आयोजकमा अनुरोध

मधेश प्रदेशका ८ जिल्लामा हरेक दिन कुनै न कुनै औपचारिक कार्यक्रम भइरहेका हुन्छन् । यहाँको कार्यक्रमको समाचार प्रकाशन हेतु मधेशदृष्टि दैनिकको कार्यालय जनकपुर, भानुचोक (रेडियो जनकनन्दनीसँगै) र वीरगंज (रेडियो वीरगंजसँग)मा या हाम्रो इमेल र ह्वाट्स एपमा आधिकारिक पत्र पठाएर सहयोग गरिदिनु हुन अनुरोध गर्दछौँ ।

सम्पर्कः ९८५५०२१२८१ (ह्वाट्स एप पनि)

इमेलः madheshdristi@gmail.com

# सहिद सप्ताह र चार सहिद



### १. शुक्रराज शास्त्रीः

शुक्रराज शास्त्री (जन्मनामःशुक्रराज जोशी) नेपालका सहिद तथा नेपाल भाषाका प्रमुख साहित्यकार थिए। उनी आर्य समाजका एक सक्रिय सदस्य थिए। उनलाई राणाहरूले विसं १९९७ साल माघ १० गते (नेपाल सम्बत १०६१) मा टेकुमा रुखमा झुण्ड्याएर मारेको थियो।

**व्यक्तिगत जीवन**

उनको जन्म नेपाल सम्वत १०१३ गुंलाथ्व गुंपुन्हि (विसं १९५०) मा माधवराज जोशी र रत्नमाया जोशीका छोराको रूपमा काठमाडौँको खिउँलँ, थाय्मदुमा भएको थियो। नेवार समुदाय अन्तर्गतको क्षत्रीय (छथरी) जातभित्र पर्ने जोशी कुलमा जन्मिएका भएर उनले पिताले जस्तै संस्कृत पढेका थिए। उनका पिता आर्य समाजका नेता थिए। उनको विवाह मेनकादेवी माथेमा (धर्मभक्त माथेमाको बहिनी)सँग भएको थियो । उनले पछि उच्च श्रेणीमा संस्कृत भाषामा शास्त्री उत्तीर्ण गरेकाले उनलाई 'शास्त्री' भनिएको हो। शास्त्रीले भारतको इलाहाबादस्थित दयानन्द आर्य समाजी विद्यालयका प्रधानाध्यापक भई काम गर्नुका साथै सामाजिक सुधारका क्षेत्रमा भारतका मदनमोहन मालवीयसँग काम गरेका थिए । पञ्जाब विश्वविद्यालयबाट अङ्ग्रेजी विषयमा स्नातक गरेपछि उनी नेपालमा पसे।

**साहित्यिक योगदानः**

नेपाल भाषा, नेपाली, हिन्दी, संस्कृत र अङ्ग्रेजी भाषाका ज्ञाता स्व. शास्त्रीका ६ वटाभन्दा बढी पुस्तक प्रकाशित छन्। ब्रह्मसूत्र शाङ्कर भाष्य, स्वर्गको दरबार, नेपाल भाषा व्याकरण, संस्कृत प्रदीपलगायत उनका थुप्रै पुस्तक प्रकाशित छन् ।

**नेपालभाषाः**

उनलाई नेपाल भाषाको पुनर्जागरणकालका एक महान् लेखकका रूपमा लिने गरिन्छ। उनले नेपालभाषाको व्याकरण प्रथम पटक प्रकाशित गरे। नेपाल भाषामा वैज्ञानिक रूपले लेखिएको यो पहिलो व्याकरण थियो। यो बाहेक उनले नेपाल भाषा रिडर नामक एक रिडर पुस्तक पनि प्रकाशित गरे। उनका नेपाल भाषाका अन्य कार्यहरू उनको सहादत्वले गर्दा प्रकाशित गर्न सकिएन।

**राजनीतिः**

काठमाडौँ आएपछि क्रान्तिकारीहरूसँग उनको सम्पर्क भयो । विसं १९९३ मा 'नागरिक अधिकार समिति'मा बसी राणाशासनविरोधी अभियानमा लागे। सहिद शास्त्रीले भारतका महात्मा गान्धीसँग भेट गरी नेपालका बारेमा कुरा गरेका कारण काठमाडौँ फर्केपछि उनलाई राणा सरकारले नजरबन्द ग¥यो। नजरबन्द तोडेर आफ्ना मातापिताका माहिला छोरा शुक्रराजले विसं १९९५ मंसिर १३ गते काठमाडौँ ईन्द्रचोकमा राणाशासकविरुद्ध उनको सबैभन्दा पहिलो आमसभामा एकजुट हुन आह्वान गरेका थिए । त्यसपछि राजद्रोहको अभियोग लगाई उनलाई पक्राउ गरी तीनवर्षे कैद सुनाइयो। आठवटा मुद्दामा फसाइ विसं १९९७ साल माघ ६ गते दिउँसो १०–११ बजे सर्वस्वहरणसहित फाँसीको सजाय सुनाइयो र विसं १९९७ साल माघ १० गते राति झुण्ड्याएर मारियो।

००००



### २. गङ्गालाल श्रेष्ठ

गङ्गालाल श्रेष्ठ (विसं १९७५–१९९७) नेपालका सहिद हुन्। जसले राणा शासनविरुद्ध आन्दोलनमा ज्यान गुमाएका थिए।

स्व. भक्तलाल श्रेष्ठ र माता तुलसीमाया श्रेष्ठका छोरा गङ्गालालको जन्म विसं १९७५ सालमा रामेछाप जिल्लाको भँगेरी गाउँमा भएको थियो । आफ्ना काकासँगै भारतको कोलकातामा बसी २–३ वर्ष पढेपछि उनी काठमाडौँ फर्किए । विसं १९९४ मा उनले दरबार हाइस्कूलबाट पहिलो श्रेणीमा एसएलसी उत्तीर्ण गरे । त्रिचन्द्र कलेजमा आइएस्सी पढ्दै थिए। गङ्गालाल कलाकार तथा महावीर संस्थाका कार्यकर्ता थिए। महावीर संस्थामा राणाविरोधी प्रवचन र क्रियाकलाप हुन्थे। राणा सरकारले गङ्गालाललाई शुक्रराजको सभामा (विसं १९९५ सालमा असन र ईन्द्रचोकमा) राणाशासनविरुद्ध बोलेबापत पक्राउ परी छुटे। दशरथ चन्दको संगतबाट प्रजापरिषदको सदस्यता लिई राणाशासनविरोधी गतिविधिमा सक्रिय भए । प्रजापरिषद्को गतिविधिमा लागेबापत १९९७ कात्तिक २ गते पक्राउ परे। उनलाई १९९७ साल माघ १५ गते दशरथ चन्दसँगै सेन्ट्रल जेलबाट घरछेउको बाटोबाटै लगी बिष्णुमतीको बगरमा रहेको शोभा भगवतीमा गोली हानी मृत्युदण्ड दिइयो। उनी विवाहित थिए। पत्नीको नाम हसिनादेवी हो।

### ३. धर्मभक्त माथेमाः



धर्मभक्त माथेमाको जन्म पिता सुब्बा आदिभक्त माथेमा र माता चन्द्रकुमारी देवीको कोखबाट विसं. १९६६ असोज ९ गते काठमाडौँको ओमबहाल नवहिलमा भएको थियो। बुबा आदिभक्त राणाका लागि भारतबाट सामान ल्याउँथे । त्यही कारण धर्मभक्तले दार्जिलिङमा शिक्षा आर्जन गरे। केही समय कलकत्तामा पनि पढे । शरीर दुब्लो भएकाले व्यायाम गर्न थाले । बङ्गालको शारीरिक व्यायामशालाबाट उनी बङ्गाल च्याम्पियन भएर नाम कमाए। बङ्गाल अङ्ग्रेजकै पालाबाट राजनीतिक चेतना भएको ठाउँ थियो। त्यहीँबाट उनलाई राजनीतिको ज्ञान मिल्यो। उनको सम्पर्क बङ्गाली नेता चित्तरन्जन दाससँग भयो। केही समयपछि उनका बुबालाई राणा प्रधानमन्त्री जुद्ध शमशेरले निर्वासित गरिदिए। विसं १९९० मा धर्मभक्त माथेमाको उत्तरादेवीसँग वैवाहिक सम्बन्ध कायम भयो र उनले भारतको स्कटिस चर्च कलेजबाट आइए उत्तीर्ण गरे।

**राजनीतिक गतिविधिः**

विसं १९९० सालमा दशरथ चन्दसँग धर्मभक्तको भेट भयो। पछि चन्द पनि नेपाल प्रजापरिषद्को संस्थापक सदस्य भए। उनले घोडेजात्रामा टुँडिखेलमा शारीरिक तन्दुरुस्ती र व्यायामको प्रदर्शनी गर्दा राजा त्रिभुवन ज्यादै प्रभावित भए। त्रिभुवनका व्यायाम शिक्षक भए। उनले १९९३ सालमा आफ्नै फुपूको घरमा नेपाल प्रजापरिषद्को स्थापना गरे । प्रजापरिषद् र राजा त्रिभुवनबीच उनीबाटै सम्पर्क भयो । लैनचौरमा राजा र प्रजापरिषद्बीच भएको सम्पर्क राणाहरूले चाल पाए। धर्मभक्तलाई पक्राउ गरियो। विसं १९९७ माघ १२ गते उनलाई सिफलमा फाँसी दिइयो।

००००

### ४. दशरथ चन्दः



दशरथ चन्दको जन्म विसं १९६० असार १७ गते बैतडी जिल्लाको बस्कोटमा पिता शेरबहादुर चन्द र आमा ओजकुमारी चन्दको कोखमा माहिला छोराका रूपमा भयो । सहिद माइला भन्नाले दशरथ चन्द बुझिन्छ। उनका पितालाई सुर्खेतमा टुँडिखेल बनाउने लेफ्टिनेन्ट शेरबहादुर चन्दका नामले चिनिन्छ। राणाशासनका विरोधीहरूमा सबैभन्दा सशक्त व्यक्तित्व स्व. चन्दले मानविकी तथा समाजशास्त्र विषयमा बनारसबाट प्रमाणपत्र तह उत्तीर्ण गरेका थिए। त्यसअघि उनले नेपालगञ्ज, अल्मोडा, कुमाउँ, नैनीताल जस्ता ठाउँमा पढेका थिए।

**राजनैतिक विकासः**

त्यहीबेला उनी काशी नागरिक प्रचारिणी सभामा रहेर राजनीति गर्न थाले। महात्मा गान्धीले भारतमा प्रारम्भ गरेको सत्याग्रहमा उनले सक्रियरूपमा भाग लिए। विसं १९९० साल बारा जिल्लाको मौवादहमा टंकप्रसाद आचार्यसँग दशरथको पहिलो पटक भेट भयो। विसं १९९१ मा उनी सहयोगी शिवदत्त भट्टका साथ बर्मा पुगे । त्यसपछि थाइल्याण्ड पुगेर नेपालमा सशस्त्र क्रान्ति गर्ने योजना बनाए । उनी नेपाल प्रजापरिषद्को कार्यकर्ता थिए। उनी सेवा सिंह भन्ने छद्मनामबाट राणाविरोधी लेख छाप्थे। दशरथ चन्द र गङ्गालाल श्रेष्ठ एउटै जेलको कोठामा परेका थिए। तत्कालीन राणा सरकारले विसं १९९७ माघ १५ गते दशरथ चन्दलाई शोभा भगवतीमा गोली हानी मृत्युदण्ड दियो।

**व्यक्तिगत जीवनः**

उनी अविवाहित सहिद हुन्। दशरथका जेठा बुबा रवि चन्द र कान्छा बुबा सुबेदार दलबहादुर चन्द थिए भने माइलाका दाइ गोकर्ण चन्द थिए। भाइ ललित चन्द पनि २०५१ सालमा बिते। चश्मा लगाउने दशरथ चन्द गाउँमा प्रत्येक घरमा जान्थे। दिदी, बहिनी, भाउजुसँग ख्याल–ठट्टा गर्थे। उनलाई भोक लागे जुन घरकी भाउजुसँग पनि मागेर खान हिच्किचाउथेनन्। मोही दशरथलाई खुब मनपथ्र्यो। बनारसमा स्नातक सकेर आएका युवा दशरथको विवाह काठमाडौँको राणा खानदानकी जुलिया मैयासँग गर्न भनेर दुईपटक जन्ती गए तर केटीको परिवारमा 'जुठो सुत्केरो' परेकाले विवाह हुन सकेन, जन्ती रित्तै फर्क्र्यो।

# जाडोमा मुटुको सुरक्षा किन र कसरी



डा. ओममूर्ति अनिल

जाडो मौसममा तापक्रम घट्दा स्वास्थ्यसम्बन्धी विभिन्न समस्या आउँछन्। जाडोमा हाम्रो शरीरका मुटु, मस्तिष्क तथा फोक्सो बढी जोखिममा हुने गर्छ। त्यसैले जाडोको समयमा मुटुलाई कसरी स्वस्थ राख्ने भन्ने जिज्ञासा उठ्नु स्वाभाविक नै हो। जाडोमा उच्च रक्तचापको बिरामीको संख्या पनि निकै बढेको पाइन्छ। पहिलेदेखि रक्तचाप नियन्त्रणमा नरहेका बिरामीमा जाडोको कारणले रक्तचाप बढ्ने सम्भावना अत्यधिक हुन्छ। त्यसैले मुटु बचाउन चिसोबाट बच्नु पहिलो र महत्वपूर्ण उपाय हो।

चिसो मौसममा रक्तसञ्चार प्रणालीमा बढी दबाब हुन्छ। त्यसैले मुटुरोगी र मुटुरोगको उच्च जोखिम भएका व्यक्ति बढी सचेत हुनु जरुरी हुन्छ। उमेरले ६० नाघेका मानिस, मधुमेह वा दमका रोगी, अन्य दीर्घरोग लागेका वा पहिल्यैदेखि मुटुसम्बन्धी समस्या भएका जस्तै मुटुको अनियमित चाल, बाइपास सर्जरी गरेका वा मुटुको काम गर्ने क्षमता कम भएका (हार्ट फेल्योर) समस्या भएका बिरामी जाडोको समयमा उच्च जोखिममा रहेका हुन्छन्। साथै, उच्च रक्तचाप, धुम्रपान र मदिरापान अत्यधिक गर्ने, रोगको पारिवारिक इतिहास, उच्च कोलेस्टेरोल, मोटोपनाजस्ता कारणले जाडोमा हृदयघातको जोखिम उच्च हुन्छ।

मानिसहरु हृदयघात त बूढापाकालाई हुन्छ भन्ने साच्दछन् तर आजभोलि युवा पनि हृदयघातको जोखिम बढ्न थालेको छ । पछिल्लो समय मानिसको आहारविहार, जीवनशैली र तनावका कारण मुटुलगायत रोगको बढेको छ। चिसो मौसममा शरीरलाई तातो बनाउन तथा रक्तसञ्चार गर्न मुटुले बढी काम गर्नुपर्छ। मुटुलाई भार पर्ने भएकाले चिसो मौसम मुटुरोगीका लागि जोखिमपूर्ण हुन्छ । पहिल्यैदेखि मधुमेह, उच्च रक्तचापजस्ता दीर्घरोग भएका व्यक्ति वा क्यान्सर तथा केही रोगका उपचार गरिरहेका व्यक्तिको रोगप्रतिरोधात्मक क्षमता कमजोर हुन्छ। फलस्वरूप, त्यो व्यक्ति यतिबेला सङ्क्रमणको सबैभन्दा उच्च जोखिममा रहेका हुन्छन्।

आजभोलि प्रायः ४० वर्षमुनिका युवामा रक्तचाप अचानक बढ्ने गरेको देखिन्छ। यसको मुख्य कारण नै मानसिक तनाव मानिएको छ। देशमा व्याप्त राजनीतिक र सामाजिक परिस्थितिले युवामा एकातिर तनाव बढ्दो छ भने अर्कोतिर खानपिन, जीवनशैली पनि स्वस्थकर छैन। पछिल्लो पुस्तामा खराब जीवनशैली, शारीरिक निष्क्रियता, मद्यपान तथा ध्रमपानको सेवन, मोटोपन र मानसिक तनावको समस्या धेरै युवामा देखिन्छ। यसले गर्दा कम उमेरमै रक्तचापको समस्या दिन प्रतिदिन बढ्दै गएको छ।

जाडोमा रक्तचापका बिरामी बढ्नाका कारण

जाडोयाममा मानिस हिँड्डुल गर्न रुचाउँदैनन्। चिसोका कारण बाहिर निस्कन अल्छी र आलस्यता हुन्छ। जाडोमा शारीरिक गतिविधि कम हुन्छ। मानिस आराम गर्न र आफ्नो शरीरलाई न्यानो राख्न घरभित्रै बस्न रुचाउँछन्। यसले गर्दा यो सिजनमा शरीरलाई आवश्यक पर्ने व्यायाम गरिँदैन र शरीर निष्क्रिय भएका कारण पनि विभिन्न स्वास्थ्य समस्या निम्तिन सक्छन्। चिसोमा धेरै चिल्लो खाना खाने र निष्क्रिय दैनिकीका कारण पनि रक्तचाप तथा मुटुरोगको जोखिम बढ्छ।

रक्तचाप र मुटुरोगको जोखिम बढ्नुको मेडिकल आधार

चिसोले शरीरका रक्तनलीहरु साँँगुरो हुन्छ। रगत बाक्लो हुने सम्भावना बढ्छ। चिसोका कारण शरीरमा उत्पन्न हुने रसायन वा हर्मोनहरू बढ्ने गर्दछ। शरीरमा एड्रिनालिन र नन्एड्रिनालिन हर्मोनहरु बढ्ने हुँदा त्यसले रक्तनलीहरुलाई खुम्च्याउँछ। यसले मुटुको चाल वा धड्कन बढाउँछ भने मुटुभित्रका नलीमा रक्त सञ्चार अवरुद्ध गर्ने र रगत जम्ने सम्भावना बढ्न जान्छ।

जाडोमा चुरोट र मदिराको असर

चिसोमा धेरैले धुम्रपान र मादक पदार्थको प्रयोग बढी गर्ने भएकाले पनि मुटुको समस्या धेरै देखिन्छ। विशेषगरी जाडो छल्न भन्दै बढ्ने चुरोट र मदिरापानमा नियन्त्रण गुमाउँदा धेरै मानिसमा मुटुको जोखिम बढ्ने र कसैकसैको यही बेला हृदयाघात भई मृत्यु पनि हुने गर्दछ।

बच्ने उपाय

– हिँडाइको गति कम गर्नेः चिसोमा मुटुमा जोखिम घटाउन हिँडाइको स्पिड कम गरेर, हिँडाइको अवधि बढाउनु सुरक्षित उपाय हुन्छ।

– वार्मअप गर्नेः शारीरिक व्यायाम सुरु गर्नुभन्दा अघि शरीरलाई सक्रिय बनाउने अनि व्यायाम सुरु गर्ने

– चिसोबाट बच्नेः चिसो हावा र पानी परेको बेलामा बाहिर व्यायाम गर्न निस्किनु हुँदैन।

– चिसोमा हिँड्दा छाती दुख्नुः मुटु रोगको प्रमुख लक्षण एन्जाइना चिसोमा बढी देखिन्छ र यस्तो छ भने डाक्टरलाई देखाउन जरुरी हुन्छ।

– पानी प्रशस्त पिउनेः शरीरमा पानीको मात्रा प्रशस्त भएमा चिसोले गर्दा रगत बाक्लो हुने जोखिम कम हुन्छ।

– मदिरा र चुरोट सेवन नगर्नेः जाडो महिनामा मुटुमा हुने असरलाई मदिरा तथा धुम्रपानले झन् बढाउने हुनाले यसको प्रयोग नगर्नु राम्रो हुन्छ।

– धेरै चिल्लो खानेकुरा नखानेः जाडोमा कोलेस्ट्रोल बढ्ने हुनाले धेरै चिल्लो, फ्राई, पार्टी भोजको बेलामा सतर्क हुनु पर्दछ।

– सुगर, प्रेसर, कोलेस्ट्रोलको राम्रो नियन्त्रणः जाडो महिनामा प्रेसर, सुगर र कोलेस्ट्रोलको स्तर बढ्ने हुनाले यसको जाँच, र नियन्त्रण गर्न जरुरी छ।

– औषधिको नियमित प्रयोगः मुटुरोग, प्रेसर, सुगर, कोलेस्ट्रोल आदिको औषधि नटुटाई नियमित खानुपर्छ।

– व्यायामको बेलामा चिसोबाट सुरक्षाः यसका लागि पर्याप्त लुगा लगाएर विशेष गरेर टाउको, कान, हात छोपेर हिँड्नु पर्छ।

– श्वासप्रश्वास प्रणालीको सङ्क्रमणबाट बच्नेः पोषणयुक्त खानेकुराको सेवन गर्दा शरीरमा प्रतिरोधात्मक शक्ति बढ्न गई विभिन्न सङ्क्रमण हुन पाउँदैन। जसले मुटुरोगको जोखिममा भएका व्यक्तिहरुलाई स्वास्थ्य जटिलता हुनबाट जोगाउँछ। फलफूल र तरकारीमा पाइने एन्टिअक्सिडेन्ट, भिटामिन र मिनरल्सले शरीरको प्रतिरक्षा प्रणालीलाई मजबुत बनाउँन मद्दत गर्दछ।

# भूमिहीन, दलित र अव्यवस्थित समस्या निष्कर्षमा लैजानुपर्छः विश्वकर्मा



“

‘कसैले वैदेशिक रोजगारीमा जान्छु र अध्ययन गर्छु भन्ने सोच राख्छ भने त्यसलाई अनुकूल वातावरण निर्माण गरिदिनुपर्छ । उसले त्यहाँबाट अध्ययन गरेको विषय र सीपले यहाँको विकासमा मद्दत पुग्न सक्छ । यसलाई नियमन पनि गर्न जरुरी छ । विदेश जाँदा पनि खुसीले जाओस्, फर्कँदा पनि खुसीले फर्कोस् र उसले ल्याएको सीपले एउटा नयाँ उपलब्धि हासिल होस् ।’

**छविलाल विश्वकर्मा,**
**प्रतिनिधिसभा सदस्य**

- संविधान कार्यान्वयनमा पर्याप्त ध्यान दिनुपर्ने छ
- सुशासन कायम गर्न राज्य नै जिम्मेवार बन्नुपर्छ
- गएको संसद्को अधिवेशन उत्साहजनक रहेन
- समितिको निर्देशन कार्यान्वयनबारे अनुगमन हुनुपर्छ

**रासस**
**नेपालगन्ज ।**
रुपन्देहीको निर्वाचन क्षेत्र नं १ बाट निर्वाचित सांसद छविलाल विश्वकर्मालाई यस निर्वाचन क्षेत्रमा जमिनसँग जोडिएका समस्या धेरै रहेको राम्रैसँग थाहा छ । उनी भन्छन्,‘व्यवस्थित बसोबास, भूमिहीन, दलित समुदायका जमिनका समस्या यहाँ धेरै छन् । सरकारले तोकेको राजस्वको दर बढी भएर उनीहरूले जमिनलाई निजी स्वामित्वमा ल्याउन सकेका छैनन् । बरु उनीहरूलाई नयाँ जमिन किन्दा सहज हुने देखिएको छ । भूमिहीन, अव्यवस्थित बसोबासी र दलित समुदायका समस्यालाई सधैँ बोक्ने होइन, यसलाई एउटा निष्कर्षमा पुर्याउनुपर्छ ।’सांसद विश्वकर्मा भन्छन्,‘अहिले हामी नेपालको संविधानले सुनिश्चित गरेको संसदीय अभ्यासमा छौँ तर संविधानको मर्मअनुसार शतप्रतिशत अभ्यासमा अघि बढेका छौँ भन्ने मेरो दाबी छैन । संविधान कार्यान्वयनका मामलामा पर्याप्त ध्यान दिनुपर्ने स्थिति छ । अभ्यासमा जाँदा स्वाभाविकरूपमा दलका दृष्टिकोणहरू, मान्यताहरू प्रतिबिम्बित हुन्छन् । राजनीतिक दलबीच समझदारी बनाएर अघि बढ्नुपर्ने अवस्था छ ।’ संसद्को आगामी अधिवेशनका लागि मिति घोषणा भइसकेको छ । जनताको सार्वभौम अधिकारसम्पन्न प्रतिनिधि संस्था भनेको प्रतिनिधिसभा वा राष्ट्रियसभा नै हो अर्थात् सङ्घीय संसद् हो जनाउँदै उनले यसलाई सही ढङ्गले सञ्चालन गर्ने र उपलब्धिमूलक ढङ्गले परिचालन गर्ने दायित्व सरकारको रहने बताए । उनी भन्छन्, ‘संसदले प्राप्त गर्ने बिजनेसलाई ठीक ढङ्गले निरुपण गर्ने मामलामा तदारुकता वा अनुकूल परिस्थिति निर्माण भएन भने संसद्को काम प्रभावित हुन्छ ।’गएको संसद्को अधिवेशन नियमितरूपमा चलेजस्तो देखियो तर धेरै उत्साहजनक अनुभूति गर्न पाइएन । अहिले फेरि संसदीय समितिका बैठक नियमित बसाउने पहल र प्रयत्न भएको छ । संसदीय समिति बने पनि प्रमुख तोक्न समय लाग्यो, सांसद विश्वकर्माले भने, ‘म शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिमा छु, यी समितिलाई कामयाब बनाउनका लागि समितिको सचिवालय, त्यसको जनशक्ति धेरै व्यवस्थित हुन जरुरी छ । तर हुँदै भएको छैन त भन्न मिल्दैन । तर यसलाई अझ प्रभावकारीरूपमा कार्यसम्पादन गर्न व्यवस्थित बनाउन पर्ने देखिन्छ ।’संसदीय समितिको प्रभावकारिताका बारेमा उनी भन्छन्, ‘जुन समितिमा हामी छलफल गर्छौँ समितिले निर्देशन देला त्यो कार्यान्वयन भयो वा भएन त्यो पनि हेर्न जरुरी छ । समितिले दिएको निर्देशन सम्बन्धित मन्त्रालयले कार्यान्वयन गर्यो वा गरेन त्यो कामको मूल्याङ्कन पनि हुन जरुरी छ । अर्को, नियमितरूपमा आउने विधेयक छलफल भएर अघि जाने विषय पनि छन् । यसमा व्यवस्थितरूपमा अघि बढिएको छ भन्न मिल्दैन तर सरकार यसमा जेलिएको पाउँछु मैले ।’ ‘शिक्षा विधेयकलगायतका धेरै जल्दाबल्दा विधेयक संसद्मा छन् । त्यसकारण विधेयकमा सहमति जुटाउन समय लाग्ने अवस्था देखिन्छ । सत्तापक्षले प्रमुख प्रतिपक्ष र प्रतिपक्षसँग पनि समन्वय र गरेर समझदारी कायम गरेर अघि बढ्दा विषय निष्कर्षमा पुग्छन् । सरकारले आग्रह राखेर सत्ता गठबन्धनलाई कसरी टिकाउने भन्ने विषयमा ध्यान दिने राष्ट्रिय सरोकारका मामला पनि बेवास्ता गर्ने र जनसरोकारका विषयमा पनि बेवास्ता गर्ने र आत्मसर्मपणका लागि जोसँग पनि तयार हुने र आफ्नो सत्ता कसरी टिकाउने भन्ने भयो भने निष्कर्षमा पुगिँदैन । यसमा सबै पक्ष जिम्मेवार हुनुपर्छ र यसका लागि सत्तापक्षले जिम्मेवार भएर भूमिका निर्वाह गर्नुपर्छ’, सांसद विश्वकर्माले भने ।
नेकपा (एमाले)को सचिवको समेत जिम्मेवारी निर्वाह गरिरहेका सांसद छविलाल विश्वकर्माको जन्म विसं २०१९ मङ्सिर २३ गते स्याङ्जामा भएको हो । पार्टीभित्र बौद्धिक व्यक्तित्वको छवि बनाएका नेता विश्वकर्मा दलित आन्दोलनबाट राजनीतिमा प्रवेश गरेका हुन् ।एक प्रसङ्गमा उनले भने, ‘विपक्षी पार्टीले संसदीय समितिमा बसेर मोलमोलाइ गरेको भन्ने विषय निरर्थक आरोप हो । सत्तारुढ दलले प्रतिपक्षलाई आक्षेप लगाएर आफू सुरक्षित हुने उपाय हो । एमालेले अहिले किन बार्गेनिङ गर्छ ? गर्न परे त सत्ता गठबन्धनसँग सोझै कुरा गर्छ नि ।’ रुपन्देहीको निर्वाचन क्षेत्र नं १ मा पहाडबाट दक्षिणको दशगजासम्म निर्वाचन क्षेत्र पर्छ । यसमा सवा लाख जनताको बसोबास छ । यो ऐतिहासिक सांस्कृतिक महत्व बोकेको प्रदेश पनि जिल्ला पनि हो । लुम्बिनी बन्नुका पछाडि देबदहको योगदान छ । बुद्धकालीन समयको साहित्यलाई, त्यतिबेलाको अभिलेखलाई हेर्ने हो भने त्यसबाट प्रष्ट छ महामानव गौतम बुद्धको मावली देबदह हो । यो त स्थापित भएको कुरा हो । तर सांसद विश्वकर्मा लुम्बिनीले बढी चर्चा पाएको बताउँछन् । उनी भन्छन्,‘लुम्बिनीलगायतका विषय अघि आउँदा देबदह ओझेलमा परेको छ । अरु सांस्कृतिक पक्षलाई ध्यान दिइएको छ तर प्राकृतिक सम्पदाका पक्षलाई बेवास्ता गरिएको छ । रोहिणी नदीको पूर्वतिर कोलिय राज्य, पश्चिमतर्फ शाक्य राज्य थिए । यो इतिहासमा उल्लेख छ । त्यसको संरक्षण र संवर्द्धन त्यसको बहुउदेश्यीय हिसाबले यसको विकास गर्न सक्दा, लुम्बिनी, रामग्राम, तिलौराकोट, देबदह आदिमा एउटा आयाम थपिने छ ।’ दक्षिणबाट उत्तरतर्फ जोड्ने तीन–चार महत्त्वपूर्ण सडक छन् ।
त्यो सडकको काम अगाडि बढाइयो तर बीचमा अवरुद्ध भयो । सरकारले त्यसलाई बेवास्ता गर्यो र त्यसलाई जोड्दै जोडेन । सीमावर्ती क्षेत्रका जनताले राज्य जिम्मेवार छ भन्ने कुराको अनुभूत गर्न पाउनुपर्छ । उनी भन्छन्, ‘आधारभूत अस्पतालका तत्कालीन सरकारले बजेटसहित कार्यक्रम अघि सार्यो तर अहिले पूर्वाधार अलपत्र परेका छन् । सामुदायिक विद्यालयको अवस्था पनि राम्रो छैन । राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमको योजना कटौतीमा परेको छ । यस निर्वाचन क्षेत्रका दुई सामुदायिक क्याम्पसको विकासका लागि ध्यान दिइएको छैन । समानुपातिक हिसाबले सबै जनताका बीचमा विकास पुग्नुपर्छ । नारायणगढ–बुटवल सडकखण्डको एउटा भाग मेरो निर्वाचन क्षेत्रमा पर्छ त्यसमा ताकेता गरिरहेका छौँ ।
हुलाकी सडकखण्ड पनि मेरो निर्वाचन क्षेत्रमा पर्छ यसको सुधार गर्ने काम अलिअलि अघि त बढेको छ तर पर्याप्त छैन ।’
युवाको बढ्दो संख्या विदेश पलायनका बारेमा सोधिएको प्रश्नमा सांसद विश्वकर्मा भन्छन्, ‘यो एउटा आशा, भरोसा, विश्वास जगाउने कुरा पनि हो । बैदेशिक रोजगारीमा जानेलाई विल्कुल निरुत्साहित गरेर हुन्छ भन्ने मामलामा म छैन । दक्ष जनशक्ति सुरक्षित तरिकाले वैदेशिक रोजगारीमा पुग्ने व्यवस्था मिलाउनुपर्छ । यहाँबाट दक्ष भएर गएर त्यहाँबाट फर्केर आउँदा सुरक्षित ढङ्गले फर्कोस् यस्तो खालको विषयमा ध्यान दिनुपर्छ । घरमा राम्रै व्यवस्था भएका व्यक्ति पनि विदेश गएका छन् । यसको कारण के हो त ? जो आफू सुतेको बिस्तरा यहाँ उठाउन्न ऊ त्यहाँ गएर भाँडा माझ्दैछ । यसलाई कसरी बुझ्ने ? यसको समाजशास्त्रीय हिसाबले अध्ययन र विश्लेषण हुन जरुरी छ । कसैले वैदेशिक रोजगारीमा जान्छु र अध्ययन गर्छु भन्ने सोच राख्छ भने त्यसलाई अनुकूल वातावरण निर्माण गरिदिनुपर्छ । उसले त्यहाँबाट अध्ययन गरेको विषय र सीपले यहाँको विकासमा मद्दत पुग्न सक्छ । यसलाई नियमन पनि गर्न जरुरी छ । विदेश जाँदा पनि खुसीले जाओस्, फर्कँदा पनि खुसीले फर्कोस् र उसले ल्याएको सीपले एउटा नयाँ उपलब्धि हासिल होस् भन्ने लाग्छ ।’
मुलुकमा सुशासन कायम गर्न राज्य नै जिम्मेवार बन्नुपर्छ, अन्य यसमा सहायक बन्ने हो । मानव मर्यादा स्थापित गर्ने कुरा धेरै ठूलो कुरा रहेछ । संस्कार र संस्कृति भन्ने कुरा धेरै ठूलो कुरा रहेछ । संविधानले प्रदत्त गरेको विशेषता र उपलब्धिबाट प्राप्त विषयलाई केही होइन भन्ने विषयबाट जुन खालको प्रयत्न भइरहेको छ यसको कुनै अर्थ छैन तर यसबाट एउटा शिक्षा लिनुपर्छ भन्छु म । समय पछाडि फर्कँदैन यो अगाडि बढ्छ ।

# विश्वविद्यालयमा ‘ब्रेक थ्रु’ गर्दैछुः प्रधानमन्त्री



**रासस**
**काठमाडौँ ।**
प्रधानमन्त्री पुष्पकमल दाहाल ‘प्रचण्ड’ ले विश्वविद्यालयलाई अन्तर्राष्ट्रियस्तरको प्रतिस्पर्धी शिक्षण संस्थाका रुपमा विकास गर्न आफू लागि परेको बताएका छन् । शिक्षा क्षेत्रमा लामो समय योगदान दिएका विज्ञसँग बुधबार प्रधानमन्त्री निवास बालुवाटारमा भएको छलफलमा उनले विश्वविद्यालयलाई राजनीतिक भागबण्डाको थलो बन्न नदिन खुला प्रतिस्पर्धाबाट उपकुलपति छनोट गर्न लागिएको स्पष्ट पारे । ‘देश बनाउन सबभन्दा ‘बेष्ट ब्रेन’ केन्द्रित हुनुपर्छ, विश्व विद्यालयलाई राजनीतिक भागबण्डाको थलो बनाउनु हुँदैन भनेर विगतको परम्परामा ‘ब्रेक थ्रु’ गर्न लागिएको छ, यसमा बौद्धिक समुदायको साथ र सहयोगको अपेक्षा गरिएको छ’, प्रधानमन्त्री दाहालले भने । उनले आफू प्रधानमन्त्री भएदेखि नै उज्यालो र समुन्नत नेपालका लागि सुशासन, सामाजिक न्याय र समृद्धिका पक्षमा अनवरत काम गरिरहेको उल्लेख गर्दै आमजनतालाई देशमै भविष्य छ भनेर भरोसा दिनुपर्ने दायित्व राज्यको भएकाले यसमा बौद्धिक समुदायको पनि महत्वपूर्ण भूमिका रहने बताए । ‘देश बनाउने जिम्मा सरकार, सबै राजनीतिक दलका साथै विभिन्न तह र तप्काका जनसमुदायको हो’ उनले भने, ‘अहिले देशको राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक र शैक्षिक क्षेत्रमा रुपान्तरणको खाँचो छ । यसका लागि राज्यका साथै सबैले जिम्मेवारी लिनुपर्छ ।’ छलफलमा डा केदारभक्त माथेमा, डा पीताम्बर शर्मा, डा विद्यानाथ कोइराला, डा चैतन्य मिश्र, प्रा कृष्ण खनालसहित प्रबुद्ध व्यक्तित्व सहभागी थिए । उनीहरुले हालै विश्वविद्यालयमा भागबण्डा नगर्ने र ‘मेरिटोक्रेसी’बाट उपकुलपति छान्ने प्रक्रिया अघि बढाउनुले नयाँ आशा पलाएको बताएका थिए । उनीहरुले समग्र शिक्षा क्षेत्रसहित विश्वविद्यालयको पुनःसंरचना गर्नेगरी सुधार थाल्न सुझाव दिए ।

# ‘सूचना प्रविधिको विकासका लागि संस्थागत सुधार आवश्यक’

**रासस**
**काठमाडौँ ।**
सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्माले मुलुकका हरेक क्षेत्रमा सूचना र प्रविधिको विकास लागि संस्थागत र जनशक्तिको पुनःसंरचना आवश्यक रहेको बताएकी छन् । आगामी १६औँ पञ्चवर्षीय योजनामा समेटिनुपर्ने मन्त्रालय र मातहतका निकायका लक्षित कार्यक्रमबारे बुधबार मन्त्रालयमा भएको छलफलमा उनले डिजिटल नेपाल फ्रेमवर्क कार्यान्वयनका लागि पनि दक्षजनशक्ति र चुस्त निकाय बनाउन उक्त पुनःसंरचना आवश्यक रहेकामा जोड दिइन् । मन्त्री शर्माले मन्त्रालयलमातहतका निकायको संस्थागत र सञ्चारमाध्यममा रहेका जनशक्तिको पुनःसंरचना गरी क्षमता अभिवृद्धिमा लाग्न सबैलाई आग्रह गरिन् । साथै उनले आजको युगमा सूचना र प्रविधि हरेक क्षेत्रको उदाउँदो र अपरिहार्य विषय भएकाले सूचना प्रविधि प्राधिकरण वा यस्तै अन्य संस्थागत संरचनाको आवश्यकता औँलयाइन् । मन्त्री शर्माले मन्त्रालय एक्लैले मात्र काम गरेर सफलता हासिल नहुने भन्दै मातहतका निकायका नेतृत्वले पनि उत्साहका साथ काम गर्नुपर्ने बताइन् । कार्यक्रममा मन्त्रालयलका सचिव रामकृष्ण सुवेदीले सोह्रौँ योजना आगामी पाँच वर्षसम्म मुलुक रुपान्तरणका लागि मार्गनिर्देशन भएकाले सोहीअनुसार कुनै पनि विषय नछुटने गरी समावेश गर्नका लागि लाग्न मातहतका निकायलाई निर्देशन दिए । साथै उनले योजनामा लक्षित कार्यक्रम समावेश गर्ने सन्दर्भमा मातहतका निकायलाई मन्त्रालयले समाधानका लागि गर्नुपर्ने आवश्यक सहयोग रहने प्रतिबद्धता व्यक्त गरे । कार्यक्रममा मन्त्रालयका उच्च कर्मचारीका साथै मातहतका निकायका प्रमुख र पदाधिकारीको सहभागिता थियो ।

# माघ १३ गतेदेखि ‘समुदायमा कांग्रेस’ अभियान

**मधेशदृष्टि**
**वीरगंज ।**
सत्तारुढ दल नेपाली कांग्रेसले यही माघ १३ गतेदेखि ‘समुदायमा कांग्रेस’ अभियानको थालनी गर्ने भएको छ । कांग्रेसले तीन तहका सरकारसँगका जनताका अपेक्षा, सुझाव, गुनासो सुन्ने उद्देश्यले माघ १३ गतेदेखि माघ २६ गतेसम्म समुदायमा कांग्रेस अभियान सुरु गर्न लागेको हो । अभियानको लागि प्रत्येक प्रदेशमा केन्द्रीय पदाधिकारी, पूर्वपदाधिकारी वा पार्टीका नेताले अभियानको प्रादेशिक समन्वय, अनुगमन र संयोजन गर्नेछन् ।
पार्टीका केही केन्द्रीय सदस्यहरू, प्रत्येक प्रदेशका एक–एक जना उपसभापति र महामन्त्री सो टोलीमा रहने र प्रदेश सभापतिले समग्र प्रदेशस्तरमा अभियानको समन्वय गर्ने कार्यतालिका तय भएको छ ।७७ वटै जिल्लामा अभियानको संयोजन र सहजीकरण गर्न केन्द्रीय प्रतिनिधि रहने कांग्रेसले जारी गरेको परिपत्रमा उल्लेख छ । केन्द्रीय प्रतिनिधिले नै जिल्लाभित्रका सबै स्थानीय तहमा समेत समन्वय गरी अभियान अवधिभर जिल्लामा रही जिल्लामा हने सवै कामको इन्चार्जको रूपमा काम गर्नुपर्ने उल्लेख छ ।केन्द्रीय प्रतिनिधि जिल्ला पुगेर कार्यसमितिको विस्तारित बैठक अभियानको उद्देश्य र प्रारुपका बारेमा जानकारी दिने र प्रत्येक वडाका लागि प्रतिनिधि खटाउने, अभिमुखीकरण दिने, कार्यक्रम र कार्यतालिका तय गर्नेछन् । माघ १५ गते सम्बन्धित वडा कार्यसमितिको बैठक राख्नुपर्ने र १६ गते शहीद दिवसको दिन ६ हजार ७४३ वटै वडामा समुदायमा कांग्रेस अभियानको प्रारम्भ हुने छ । १६ देखि २४ सम्म वडा तहमा समुदायमा कांग्रेस अभियानका विभिन्न कार्यक्रम सञ्चालन गर्ने कार्यतालिका छ । २६ गते सुशील कोइराला स्मृति दिवसका दिन सवै जिल्लामा अभियानको पहिलो चरणको अभियान सकिने जनाइएको छ । जनताबाट प्राप्त सुझावलाई तत् तत् तहका सरकारमा पुर्याउने, सरकारमा रहेका ठाउँमा कार्यक्रममा समावेश गरी कार्यान्वयनमा अग्रसरता लिने, पार्टी प्रतिपक्षमा रहेका ठाउँमा पार्टीको तर्फबाट समाधानका लागि पहलकदमी लिने लगायतका उद्धेश्य बनाइएको छ । त्यसैगरी, अभियानमा खटिएका प्रतिनिधिले स्थानीय स्तरमा सेवा प्रवाहको अवस्था, विकास निर्माण, समुदायस्तरमा भएका सकारात्मक प्रयास, उपलब्धी र अभ्यासको अवलोकन गर्ने जनाएको छ ।जनताबाट आएका सल्लाह, सुझाव, गुनासाहरू सुन्ने, पार्टीले गरेका प्रयास र उपलब्धि बताउने, भ्रमहरू चिर्ने कांग्रेसले अभियानबाट अपेक्षा राखेको छ ।जनताका सुझाव बमोजिम स्थानीय स्तरमा गर्नुपर्ने सुधार गर्ने, गराउने र अन्य पार्टीका नीति तथा कार्यक्रममा समावेश गर्ने विषयलाई अभिलेखिकरण गरी केन्द्रमा बुझाउने अभियानको उद्देश्य रहेको कांग्रेसले जानएको छ ।

# अमेरिकी स्टक एक्सचेञ्जमा नेपालीको कम्पनीले कारोबार गर्दै



**रासस**
**काठमाडौँ ।**
नेपाली उद्यमी डा समीर मास्केले स्थापना गरेको कम्पनी 'फ्युजमेसिन्स' अमेरिकाको प्रतिष्ठित स्टक एक्सचेञ्ज 'नास्डक'मा सूचीकृत हुने भएको छ । आर्टिफिसियल इन्टेलिजेन्स (एआई)सँग सम्बन्धित काम गर्दै आएको कम्पनी फ्युजमेसिन्स र सिएसएलएम एक्विजिसन कर्पबीच नास्डकमा सूचीकृत हुने गरी मर्जर सम्झौता भएको कम्पनीको भनाइ छ । मर्जरपछि कम्पनीको दुई सय मिलियन डलर बराबरको हुने अपेक्षा गरिएको छ ।कम्पनीका संस्थापकसमेत रहेका प्रमुख कार्यकारी अधिकृत डा मास्केका अनुसार उक्त कम्पनीसँगको सहकार्यपछि कम्पनी 'फ्युज' नामबाट नास्डाकमा सूचीकृत हुनेछ । यो प्रक्रिया सन् २०२४ को दोस्रो त्रैमाससम्म पूरा हुनेछ । हाल उक्त सम्झौतालाई दुवै कम्पनीको सञ्चालक समितिले सर्वसम्मतीले पारित गरिसकेको छ भने अब शेयरधनीहरुको स्वीकृति र आवश्यक कानूनी प्रक्रिया पूरा गरेपछि कम्पनी नास्डाकमा सूचीकृत हुनेछ । अमेरिकाको कोलम्बिया विश्वविद्यालयमा सहप्राध्यापक समेत रहनुभएका डा मास्केले सन् २०१३ मा फ्युजमेसिन्स कम्पनी स्थापना गरेका थिए । हाल फ्युजमेसिन्स कम्पनीले नेपाल, अमेरिका र क्यानाडाका विभिन्न कम्पनी तथा संस्थासँग काम गरिरहेको छ ।

कम्पनीमा कार्यरत चार सय ५० जना कर्मचारीमध्ये ३५० जना नेपालबाट काम गरिरहेको उनले बताए ।

डा मास्केले भने, 'कम्पनीको संस्थापकका रुपमा विश्वको प्रमुख वित्तीय साधन परिचालन गर्ने निकाय नास्डाकमा सूचीकृत भएर कारोबार गर्न पाउनु कम्पनीका लागि कोसेढुङ्गा नै हो । यसबाट कम्पनीले आर्टिफिसियल इन्टेलिजेन्सका क्षेत्रमा ठूलो फड्को मार्ने आशा गरेको छु ।' सम्झौताअनुसार सीएलएलएममा आबद्ध भएकाहरुले पाइप फाइनान्सिङ र प्रिक्लोजिङ फाइनान्सिङ गरी मितिश्र ढङ्गले फ्युजमेसिन्समा १९ दशमलव ४४ मिलियन डलरसम्म लगानीको प्रतिबद्धता जनाएका छन् । यो रकम कम्पानीको चालु पुँजीको आवश्यकता पूरा गर्न खर्च गरिनेछ कम्पनीको भनाइ छ ।

# दुई दशकदेखि नाफा कमाउँदै राष्ट्रिय वाणिज्य बैंक

**रासस**
**काठमाडौँ ।**
सरकारी स्वामित्वको राष्ट्रिय वाणिज्य बैंक लिमिटेड स्थापनाको ५८ वर्ष पूरा गरी ५९औँ वर्षमा प्रवेश गरेको छ । नेपाल सरकारको पूर्ण स्वामित्वमा विसं २०२२ माघ १० गते स्थापना भएको बैंकले व्यावसायिक कुसलतासहित निजी क्षेत्रका बैंकसँग प्रतिस्पर्धा गरिरहेको छ ।विसं २०८० असार मसान्तसम्ममा बैंकको अधिकृत शेयर पुँजी ३० अर्ब रुपैयाँ, जारी र चुक्ता शेयर पुँजी १५ अर्ब ६३ करोड ७३ लाख ७७ हजार ५५ रुपैयाँ रहेको छ । बैंकको विद्यमान पुँजी संरचनाअनुसार सरकारको ९९ दशमलव ९७ प्रतिशत र सर्वसाधारणको शून्य दशमलव ०३ प्रतिशत शेयर रहेको छ । बैंकको पुँजी कोष ५० अर्ब ७४ करोड रुपैयाँ रहेको छ ।




गत असार मसान्तसम्ममा बैंकको निष्क्रिय कर्जा अनुपात तीन दशमलव ७७ प्रतिशत छ । गत पुस मसान्तसम्ममा बैंकमा सर्वसाधारण र संस्थागत गरी ४१ लाख ४० हजारभन्दा बढी निक्षेपकर्ताको तीन खर्ब ३८ अर्ब ४४ करोड रुपैयाँ निक्षेप रहेको छ । कर्जातर्फ एक लाख ९४ हजारभन्दा बढी ग्राहकलाई दुई खर्ब ५६ अर्ब ७० करोड रुपैयाँ बराबर ऋण विस्तार भएको बैंकले जनाएको छ ।राष्ट्रिय वाणिज्य बैंकले आर्थिक वर्ष २०६०/६१ देखि निरन्तर मुनाफा आर्जन गरिरहेको छ । गत आर्थिक वर्ष २०७९/८० मा बैंकले तीन अर्ब ५९ करोड रुपैयाँ खुद मुनाफा कमाएको थियो । गतवर्ष बढी खुद मुनाफाआर्जन गर्ने बैंकको सूचीमा राष्ट्रिय वाणिज्य बैंक दोस्रो स्थानमा छ । गतवर्षमा आर्जित मुनाफाबाट बैंकले पाँच दशमलव ५० प्रतिशत नगद लाभांश वितरण गरेको थियो । नेपालको कूल सरकारी कारोबारको आधाभन्दा बढी हिस्सा यस बैंकबाट हुने गरेको दाबी बैंकको छ । सङ्घीय सरकारका कूल ८१ कोष तथा लेखा नियन्त्रक कार्यालयमध्ये ५० वटा, प्रदेश सरकारका ७७ मध्ये ५१ र एक सय २८ स्थानीय तहको सम्पूर्ण खर्च भुक्तानी तथा सरकारी कारोबार राष्ट्रिय वाणिज्य बैंकबाट भइरहेको छ ।

सरकारको राजस्व सङ्कलन प्रयोजनका लागि बैंकले विभिन्न ठाउँमा शाखा तथा काउन्टरसमेत विस्तार गरेको छ । सरकारका निजामती, सेना, प्रहरी, शिक्षकलगायतका सेवाबाट निवृत एक लाख ६० हजार भन्दा बढी व्यक्तिको निवृत्तिभरण भुक्तानी पनि राष्ट्रिय वाणिज्य बैंकबाट भइरहेको छ । त्यस्तै, सरकारबाट वितरण गरिने सामाजिक सुरक्षा भत्ताको अधिकांश कारोबार यसै बैंकबाट हुने गरेको छ । बैंकले गत आर्थिक वर्ष सरकारलाई दुई अर्ब १८ करोड रुपैयाँ आयकर तिरेको थियो । बैंकको शाखा सञ्जाल ७७ वटै जिल्ला सदरमुकामसहित दुई सय ८६ शाखा कार्यालय, ६४ एक्सटेन्सन काउन्टर तथा ९५ वटा शाखारहित बैंकिङ एकाईमार्फत् सेवा दिइरहेको छ । व्यावसायिक सम्भाव्यताका आधारमा शाखा विस्तार गर्ने नीतिअनुरुप चालु आवभित्रमा शाखा संख्या तीन सय २० पुर्याउने लक्ष्य बैंकले लिएको छ । बैंकले आफ्नो संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत विभिन्न कार्यक्रमका लागि सहयोग गर्दै आएको छ । दैवी तथा प्राकृतिक प्रकोप पीडितलाई आर्थिक सहायता, वित्तीय साक्षरता कार्यक्रम, शैक्षिकस्तर वृद्धिका लागि शैक्षिक सामग्री वितरण, विभिन्न धार्मिक तथा सांस्कृतिक सम्वर्द्धन क्षेत्रमा पनि बैंकले सहयोग गरिहेको छ ।

# पिएम कपमा कोशीको लगातार आठौँ हार



**मधेशदृष्टि**
**काठमाडौँ ।**
प्रधानमन्त्री कप पुरुष एकदिवसीय राष्ट्रिय क्रिकेट प्रतियोगिताअन्तर्गत कोशी प्रदेशले लगातार आठौँ हार बेहोरेको छ । बुधबार भएको खेलमा कोशी प्रदेशलाई हराउँदै सुदूरपश्चिम प्रदेश विजयी भएको छ । कीर्तिपुरस्थित त्रिवि क्रिकेट मैदानमा भएको खेलमा सुदूरपश्चिमले कोशी प्रदेशलाई आठ विकेटले पराजित गरेको हो ।

जितसँगै पाँच खेलमा चार जितसँगै आठ अङ्क जोडेको सुदूरपश्चिम अङ्क तालिकामा दोस्रो स्थानमा उक्लिएको छ भने आठ खेलमा सबै खेल हारेर अङ्कबिहीन बनेको कोशी प्रदेश पुच्छारमा छ ।कोशीले प्रस्तुत गरेको एक सय २४ रनको लक्ष्य सुदूरपश्चिमले २१ दशमलव एक ओभरमा दुई विकेट गुमाउँदै पूरा गर्यो । सुदूरपश्चिमको जितमा नरेन भट्टले सर्वाधिक ५४ रनको योगदान दिए । उनले ४९ बलमा सात चौका प्रहार गरे । प्रकाश पाण्डेले अविजित ३४ बनाए भने कप्तान राजु रिजालले २१ रन बनाए । कोशीका लागि दुवै विकेट फिर्दोस अन्सारीले लिए ।त्यसअघि टस जितेर पहिले ब्याटिङ रोजेको कोशीले ३२ ओभरमा सबै विकेट गुमाउँदै एक सय २३ रन बनाएको थियो । कोशीका लागि मिनाश थापाले २६, कप्तान अङ्कित तिवारीले २२, कमल खत्रीले १८ र फिर्दोस अन्सारीले १३ रन बनाए ।

बलिङतर्फ सुदुरपश्चिमका लागि शेर मल्लले पाँच विकेट र विकाश आग्रीले चार विकेट लिए ।

त्यस्तै, प्रधानमन्त्री कप राष्ट्रिय क्रिकेट प्रतियोगिता अन्तर्गत बुधबार भएको अर्को खेलमा नेपाल पुलिस क्लबले मधेश प्रदेशलाई पराजित गर्दै प्रतियोगितामा पाँचौँ जित दर्ता गराएको छ ।मूलपानी क्रिकेट मैदानमा भएको खेलमा पुलिसले मधेशमाथि ६ विकेटको जित निकाल्दै प्रतियोगितामा पाँचौँ जित दर्ता गराएको हो । पुलिसले ५ खेलमा १० अङ्क जोड्दै अङ्क तालिको शीर्ष स्थानमा यथावत् छ । यता मधेशले ७ खेलमा ८ अङ्क जोडेको छ । मधेश अङ्क तालिकाको तेस्रो स्थानमा छ । मधेशले प्रस्तुत गरेको ९७ रनको समान्य लक्ष्य पुलिसले १८ दशमलव ३ ओभरमा ४ विकेट गुमाउँदै पूरा गर्यो । पुलिसका लागि सुनिल धमलाले सर्वाधक २८ रनको योगदान दिए । त्यस्तै कुशल भुर्तेलले १९, आरिफ शेखले अविजित १६ र अमृत श्रेष्ठले अविजित १५ रन बनाए । मधेशका लागि रञ्जीत कुमार र अर्निको यादवले समान दुई÷दुई विकेट लिए ।त्यसअघि टस हारेर पहिला ब्याटिङको निम्तो पाएको मधेशले २४ ओभरमा सबै विकेट गुमाउँदै ९६ रनको योगफल बनाएको थियो । मधेशका लागि अर्निको यादवले २३, कप्तान हरिशङ्कर शाहले २२ र अभिशेक तिवारीले अविजित ११ रन बनाए ।पुलिसका लागि सागर ढकालले पाँच विकेट लिए भने ललितनारायण राजवंशीले चार विकेट झारे । त्यस्तै राशिद खानले एक विकेट लिए ।

# नेप्सेको ओरालो यात्रा कायमै

**मधेशदृष्टि**
**काठमाडौँ ।**
नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकको ओरालो यात्राले बुधबार पनि निरन्तरता पाएको छ । यो साताामा कारोबारको लगातार चौंथो दिन बुधबार नेप्से परिसूचक १० दशमलव २५ अङ्कले घटेर दुई हजार ८८ दशमलव ०४ को बिन्दुमा सीमित भएको छ । बुधबार विभिन्न तीन सय ११ कम्पनीका एक करोड १० लाख ४९ हजार नौ सय ४९ कित्ता शेयर ९० हजार दुई सय १० पटक खरिदबिक्री हुँदा तीन अर्ब ८९ करोड ७० लाख २२ हजार पाँच सय ९८ रुपैयाँ बराबरको कारोबार भएका छन् ।बैंकिङ समूह शून्य दशमलव ०९ र म्युचुअल फन्ड समूह शून्य दशमलव १४ प्रतिशतले बढेको छ भने अरु सबै समूहको उपसूचक घटेको छ । सबैभन्दा धेरै घट्नेमा भने जलविद्युत् समूह एक दशमलव २७ र लगानी समूह एक दशमलव ६५ प्रतिशतले घटेको छ ।

चन्द्रागिरी हिल्स लिमिटेड र मिड सोलु हाइड्रोपावर लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ भने तेह्रथुम पावर कम्पनी लिमिटेडको शेयर मूल्यमा नकारात्मक सर्किट लागको छ । कारोबार रकमका आधारमा सबैभन्दा धेरै हिमालयन रिइन्स्योरेन्स लिमिटेडको २५ करोड १५ लाख ६८ हजार ६७रुपैयाँ बराबरको कारोबार भएको छ । कारोबार भएका शेयर संख्याका आधारमा भने अरुण काबेली पावर लिमिटेडको पाँच लाख ७१ हजार आठ सय ७४ कित्ता शेयर किनबेच भएको छ ।

# अनुत्पादक क्षेत्रमा बढी लगानी गर्दा समस्या देखियोः अर्थमन्त्री



**रासस**
**काठमाडौँ ।**
अर्थमन्त्री डा प्रकाशशरण महतले बैङ्क तथा वित्तीय संस्थाबाट घरजग्गा र शेयर बजारजस्ता अनुत्पादक क्षेत्रमा बढी कर्जा विस्तार हुँदा त्यसले समस्या सृजना गरेको बताएका छन् । बुधबार काठमाडौँमा आयोजित एक कार्यक्रममा अर्थमन्त्री महतले विगतमा अनुत्पादक क्षेत्रमा ठूलो लगानी हुँदा समस्या देखिएको उल्लेख गर्नुहुँदै अबका दिनमा उत्पादनमूलक र राम्रो प्रतिफल दिने क्षेत्रमा लगानी गर्नुपर्ने बताए ।

'हिजोका दिनमा बैङ्कबाट भएको लगानी ठीक ठाउँमा गएन । शेयर बजार र जग्गामा धेरै कर्जा विस्तार भयो । त्यो बेला ऋण लिएका ऋणीहरु अहिले समस्यामा परेका हुन् । ब्याजदर बढ्यो तर प्रतिफल छैन', अर्थमन्त्रीले भने, 'हाम्रा आवश्कता धेरै छन् । स्रोत साधन निकै कम छ । खर्चको प्राथमिकिकरण गर्न आवश्यक छ ।

राज्यको स्रोत साधनलाई बढीभन्दा बढी प्रतिफल दिने क्षेत्रमा लगानी गर्नुपर्छ ।' बैङ्क तथा वित्तीय संस्थाले घरजग्गा धितो राखेर कर्जा दिनुको सट्टा विभिन्न खालका आयोजनालाई धितो मानेर कर्जा दिने प्रवृत्तिको विकास गरिनुपर्ने अर्थमन्त्री महतले बताए । पूर्वाधार र संरचनाका हिसाबले सार्वजनिक क्षेत्र निकै राम्रो भएपनि सहज सेवा प्रवाहमा चुक्दा बदनाम हुनुपरेको उनले बताए । आम नागरिकलाई हुने सेवा प्रवाह सरल र सहज बनाएर सार्वजनिक क्षेत्रप्रतिको बुझाइलाई सुधार गर्दै जानुपर्ने उनले उल्लेख गरे ।

ट्रेड युनियनका नेताहरुले माग मात्रै राख्ने तर समस्या समाधानका लागि कसरी पहल गर्ने भन्नेबारे सुझाव नदिने गरेको अर्थमन्त्रीले बताए । गत आर्थिक वर्षमा बैङ्कको नाफाबाट सरकारले पाँच दशमलव पाँच प्रतिशत लाभांश लिएको उल्लेख गर्दै उनले बढी सेवा सुविधा पाउनुपर्ने कर्मचारीको माग अनुचित भएको बताए ।

'राज्यले बढी नाफा लिएर काम गर्नेलाई थोरै दिएको भए गुनासो गर्नु स्वभाविक हो तर लगानीको तुलनामा गतवर्ष सरकारले पाएको साढे पाँच प्रतिशतको लाभांश धेरै ठूलो रकम होइन', अर्थमन्त्री महतले भने, 'कर्मचारीको हकहितमा मेरो साथ हुन्छ । कुनैपनि अनुचित हस्तक्षेप मबाट हुँदैन । तर राज्यको लगानी भएको संस्थामा अर्थमन्त्रालयले जिम्मेवार भएर निगरानी गर्छ ।' पछिल्लो समय अर्थतन्त्रका सूचक सकारात्मक हुँदै गएको र लगानीकर्तामा विस्तारै मनोबल उकासिँदै गएको पनि उनले बताए ।

# 'म राष्ट्रपति भएको भए गाजामा द्वन्द्व हुने थिएन'



**एउनआई**
**अमेरिका ।**
अमेरिकाका पूर्व राष्ट्रपति डोनाल्ड ट्रम्पले 'मेक अमेरिका ग्रेट अगेन' को नारालाई जोड दिँदै आफू दोस्रो पटक राष्ट्रपति भएको भए युक्रेन र गाजामा द्वन्द्व नहुने दाबी गरेका छन् ।अमेरिकी पूर्व राष्ट्रपतिले आफ्नो कार्यकालमा आफ्नो प्रशासनको नीतिका कारण इरान 'विभाजित' भएको तर गलत नीतिका कारण आज देशले युद्धका नाममा पैसा 'पम्पिङ' गरिरहेको बताए । न्यू ह्याम्पसायरको लण्डनडेरी सिटीमा पत्रकारहरूसँग कुरा गर्दै उनले भने, 'यदि उनीहरू (अमेरिकी मतदाताहरू) एउटा महान् देश चाहन्छन् भने उनीहरूले 'अमेरिकालाई फेरि महान बनाउने' हो भने रिपब्लिकन पार्टीको 'मेक अमेरिका ग्रेट अगेन' अभियानमा सहभागी हुनुपर्छ । यसैको पक्षमा मतदान गर्नुपर्छ ।" रिपब्लिकन पार्टी अमेरिकालाई महान् बनाउने अभियानमा लागिरहेको उनले बताए । पूर्व राष्ट्रपति ट्रम्पले आफू सत्तामा हुँदा सबै कुरा 'सहज र राम्रोसँग' चलिरहेको भए पनि आज पूरै विश्व 'हिंसा' को त्रासमा रहेको बताए । उनले भने, 'हामीले ती मुलुकसँगका समस्यालाई राम्रो तरिकाले सम्वोधन गरेका थियौं । हामीसँग कुनै युद्ध थिएन । रूसले युक्रेनमाथि कहिल्यै आक्रमण गर्ने थिएन र इज्राएलमाथि पनि आक्रमण हुने थिएन । ' ट्रम्पले थपे, 'इरान टुक्रियो, तपाईलाई थाहा छ उनीहरुसँग पैसा किन थिएन ? किनभने मैले अन्य देशहरूलाई भनें, जबसम्म हामी सम्झौता गर्दैनौं तबसम्म तपाईं उनीहरूसँग व्यवहार गर्न सक्नुहुन्न ।अहिले इरानले चारैतिर पैसा फैलाइरहेको छ । हामी फेरि मध्यपूर्वमा बम बारी गर्दैछौं, र यसको कुनै असर छैन ।'



# मुख्यमन्त्री र मन्त्रीको तलब वृद्धि प्रस्ताव




**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेश प्रदेशका मुख्यमन्त्री, ११ मन्त्री र दुई राज्यमन्त्री गरी जम्मा १४ सदस्यको तलव बढाउने प्रस्ताव भएको छ ।
प्रदेश सरकारले उनीहरुको तलब सुविधाबापत मासिक ८ लाख ३७ हजार ५ सय ३० रुपैयाँ खर्च गर्दै आएको छ ।
मुख्यमन्त्री र मन्त्रीहरुको पारिश्रमिक तथा सुविधासम्बन्धी व्यवस्था गर्न बनेको ऐन २०७५ अनुसार मधेश प्रदेशका मुख्यमन्त्री र मन्त्रीले तलब सुविधा लिँदै आएकामा २०७९ साउन २३ गते बसेको मन्त्रिपरिषद् बैठकले मुख्यमन्त्री, मन्त्री तथा सांसदको सेवा सुविधा बढाउने निर्णय गरेको थियो ।
साउन २३ गते बसेको मन्त्रिपरिषद् बैठकको निर्णय अनुसार प्रदेश राजपत्रमा नयाँ तलबमान सार्वजनिक गरिएको थियो । जसमा मुख्यमन्त्री, मन्त्री, राज्यमन्त्री तलबमा मासिक २ हजार रुपैयाँका दरले वृद्धि गरिएको हो ।
मुख्यमन्त्री र मन्त्रीको पारिश्रमिक तथा सुविधासम्बन्धी ऐन २०७५ को अनुसूची (१) को १ मा पारिश्रमिक प्रतिमहिना २ हजार थप गर्ने र क्रसं. ५ को सवारी इन्धनको इकाई दरमा 'लिटर' शब्दको पछाडि 'प्रतिमोटर' शब्द थप गरी सुविधा उपलब्ध गराउने निर्णय भएको थियो । यस्तै, मधेश प्रदेश सरकारका मुख्यमन्त्री, मन्त्री, राज्यमन्त्री लगायत प्रदेश सरकारका प्रतिनिधिको सेवा सुविधा बढाउन फेरि ऐन संशोधनको तयारी भएको छ ।
मुख्यमन्त्री कार्यालयका उपसचिव राजेश मिश्रले सेवा सुविधा वृद्धि गर्ने विषयमा छलफल भए पनि मस्यौदा कहाँ पुग्यो भन्ने विषयमा आफूलाई जानकारी नभएको बताए ।
मधेश प्रदेश सरकारले मुख्यमन्त्री तथा मन्त्रीको सेवा सुविधासम्बन्धी कानुन २०७५ लाई तेस्रो पटक संशोधन गर्न कानुन मन्त्रालयमा प्रस्ताव पठाएको स्रोतले जनाएको छ ।
मुख्यमन्त्री सरोजकुमार यादव नेतृत्वको मन्त्रिपरिषदमा कृष्णप्रसाद यादव भौतिक पूर्वाधार विकासमन्त्री, संजयकुमार यादव अर्थमन्त्री, महेशप्रसाद यादव शिक्षा तथा संस्कृतिमन्त्री, गोविन्दबहादुर न्यौपाने भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री छन् ।
यस्तै, सुरिताकुमार साह खेलकुद तथा समाज कल्याण, विरेन्द्रप्रसाद सिंह स्वास्थ्य तथा जनसंख्या, सिंगासन कलवार ऊर्जा, सिँचाइ तथा खानेपानी, रमेश प्रसाद कुर्मी वन तथा वातावरण, मोहम्मद समिम गृह, सञ्चार तथा कानुन, सुनिता यादव उद्योग, वाणिज्य तथा पर्यटन र चन्दन कुमार सिंह श्रम तथा यातायात मन्त्री छन् । यसैगरी शेख अबुल कलाम आजाद ऊर्जा, सिँचाइ तथा खानेपानी राज्यमन्त्री छन् भने रहवर अन्सारी उद्योग, वाणिज्य तथा पर्यटन राज्यमन्त्री छन् ।

# मुख्यमन्त्रीले विश्वासको मत लिनु पर्ने



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
जनमत पार्टीले मधेश प्रदेश सरकारबाट समर्थन फिर्ता लिएपछि मुख्यमन्त्री सरोजकुमार यादवले आगामी ३० दिनभित्र प्रदेशसभाबाट विश्वासको मत लिनुपर्ने भएको छ ।
सरकारमा सहभागी दलले समर्थन फिर्ता लिएपछि संविधानमा भएको व्यवस्थाअनुसार मधेश प्रदेश सरकारले ३० दिनभित्र विश्वासको मत लिनुपर्ने प्रदेश सभामुख रामचन्द्र मण्डलले जानकारी दिए ।
मधेश प्रदेश सरकारमा ६ वटा दलको सहभागिता रहेकामा जनमत पार्टी फिर्ता भएसँगै अब ५ दलमात्रै छन् ।
अङ्कगणितीय हिसाबले प्रदेशसभामा अझै पनि सरकार बहुमतमै देखिन्छ ।
प्रदेशसभामा एमालेको २३, कांग्रेसको २२, जनता समाजवादी पार्टीको १८, जनमतको १३, माओवादी केन्द्रको ९, लोसपाको ९, एकीकृत समाजवादीको ७, नागरिक उन्मुक्ति–राप्रपा र अन्य गरी ३ र स्वतन्त्रका २ सांसद छन् ।
१ सय ७ सदस्यीय प्रदेशसभामा कांग्रेस, जसपा, माओवादी केन्द्र, लोसपा, एकीकृत समाजवादीका गरी ६५ सांसद हुन्छन्, जो प्रस्ट बहुमत हो ।

# बम्जनविरुद्ध जाहेरी दिने तामाङको दुर्घटनामा मृत्यु



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
'तपस्वी' रामबहादुर बम्जनविरुद्ध बाल यौनशोषणको जाहेरी दिने किशोरीकी बुबाको दुर्घटनामा मृत्यु भएको छ ।
जाहेरी दिने किशोरीका बुबाको मदन भण्डारी राजमार्गअन्तर्गत सिन्धुलीको कमलामाई नगरपालिका–९ कोरुङ खोलामा मृत्यु भएको हो ।
डकाहाबाट भिमानतिर जाँदै गरेको प्र २–०४–००१ ट ००१० नम्बरको ट्र्याक्टरले बा५८प ९१४१ र ना ११ प ५७५० नम्बरका दुई मोटरसाइकललाई ठक्कर दिएको थियो । जसमा बा५८प ९१४१ मा सवार किशोरीका बुबाको मृत्यु भएको प्रहरीले जनाएको छ । अर्को मोटरसाइकलमा सवार व्यक्ति भने उपचारपछि घर फर्किएका छन् । मृतक बम्जनविरुद्ध उजुरी दिने किशोरीका बुबा रहेको खुलेको जिल्ला प्रहरी कार्यालय सिन्धुलीका प्रहरी उपरीक्षक राजकुमार सिलवालले जानकारी दिए । अहिलेसम्म त्यस्तो कुनै शंकास्पद अवस्था नदेखिएको सिलवालले बताए ।
घटनाको अनुसन्धान भइरहेको र ट्र्याक्टर चालकलाई समेत नियन्त्रणमा लिएर अनुसन्धान सुरु गरिएको सिलवालले जानकारी दिए । सिलवालका अनुसार, बम्जनको घटनासँग जोडेर पनि दुर्घटनाको अनुसन्धान भइरहेको छ ।
व्यक्ति बेपत्ता तथा बाल यौनशोषणको जाहेरी परेपछि फरार रहेका बम्जनलाई पुस २५ गते मात्रै केन्द्रीय अनुसन्धान ब्यूरो सिआइबीले पक्राउ गरेको थियो । जिल्ला अदालत सर्लाहीको आदेशपछि बम्जन पुर्पक्षका लागि जलेश्वर कारागारमा थुनामा छन् ।

# कारागारमा कैदीको मृत्यु



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
सप्तरीको राजविराज कारागारमा कैदीको मृत्यु भएको छ ।
कञ्चनरुप नगरपालिका–३ का ३५ वर्षीय गोरिया भनिने वीरेन्द्र कुमार मलाहाको उपचारक्रममा बुधबार बिहान मृत्यु भएको गजेन्द्रनारायण सिंह अस्पताल राजविराजले जनाएको छ ।
मानसिक सन्तुलन गुमेको र मृगौला रोगबाट पीडित मलाहालाई अक्सिजनस्तर कम भएपछि सोमबार अस्पताल भर्ना गरिएको थियो ।
मृतकका ससुरा महादेवा गाउँपालिका–३ वथनाहाका तुरुन्तलाल मुखियाले ज्वाइँलाई मानसिक समस्या देखिएकाले जेलबाट उपचारमा ल्याउने, लैजाने काम भइरहेको र उपचारक्रममा मृत्यु भएको जानकारी दिए ।
उनी ज्यान मार्ने उद्योग र डाँका कसुरमा २०७७ पुस २७ गतेदेखि कैदी जीवन बिताइरहेका थिए । उनलाई ५ वर्ष कैद सजाय भएको थियो ।

# सहिद सप्ताह सुरु

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
जहानियाँ राणा शासनको विरोधमा लड्दालड्दै सहादत प्राप्त गरेकाको सम्झनामा बुधबारबाट सहिद सप्ताह सुरु भएको छ । सहिदको सम्झनामा काठमाडौँ महानगरपालिकाको संयोजनमा प्रत्येक वर्ष माग १० गतेदेखि माघ १६ गतेसम्म विभिन्न कार्यक्रमका साथ सहिद सप्ताह मनाउने गरिन्छ ।
सहिद सप्ताह गरेर सहिदको स्मरण गरिएको छ ।
नागरिक स्वतन्त्रताको माग गर्दा विसं १९९७ माघ १० गते टेकुको पचलीस्थित खरीको रुखमा शुक्रराजलाई झुण्ड्याएर मृत्युदण्ड दिइएको थियो ।
माघ १३ गते सिफलमा धर्मभक्त माथेमालाई तथा गंगालाल श्रेष्ठ र दशरथ चन्दलाई माघ १५ गते शोभाभगवतीमा तत्कालीन राणाशासकले गोली हानेर मृत्युदण्ड दिएका थिए ।
शुक्रराज शास्त्रीको शालिकमा माल्यार्पण गर्दै काठमाडौँ महानगरका उपप्रमुख सुनिता डंगोलले शुक्रराज शास्त्रीले जनअधिकार प्राप्तिका लागि गरेको त्याग र नेपालको साहित्यिक क्षेत्रमा गरेको योगदान सम्झँदै नेपाल भाषाको व्याकरण लेख्ने पहिलो व्यक्ति पनि शुक्रराज शास्त्री नै रहेको बताइन् ।
देशका लागि जीवन बलिदान गर्ने सहिदहरुप्रति सम्मान व्यक्त गर्दै हरेक वर्ष माघ १६ गते सहिद दिवस मनाइन्छ ।

# उदयपुर सिमेन्टका तत्कालीन महाप्रबन्धकलाई मुद्दा

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
उदयपुर सिमेन्ट उद्योगका तत्कालीन महाप्रबन्धक र तत्कालीन नायब महाप्रबन्धकसहित आठ जनाविरुद्ध भ्रष्टाचार मुद्दा दायर भएको छ । उद्योगमा उपकरण खरिद गर्ने क्रममा २२ लाख ७६ हजार ३ सय ५ रुपैयाँ भ्रष्टाचार गरेको आरोपमा अख्तियारले बुधबार विशेष अदालत काठमाडौँमा उनीहरुविद्ध आरोपपत्र दायर गरेको प्रवक्ता नरहरि घिमिरेले जानकारी दिए ।
उपकरण खरिद गर्दा आवश्यकता र औचित्यता नभएको प्राविधिक दृष्टिले रितपूर्वक माग नभएको अवस्थामा खरिद ऐनविपरीत खरिद गरी भुक्तानी गरी भ्रष्टाचार गरेको उजुरीका आधारमा अनुसन्धान हुँदा उदयपुर सिमेन्ट उद्योगलाई गैरकानुनी हानी पु¥याएको पुष्टि भएको अख्तियारले जनाएको छ ।
प्रवक्ता घिमिरेका अनुसार तत्कालीन महाप्रबन्धक पौडेल, तत्कालीन नायब महाप्रबन्धक नबल किशोर साह, तत्कालीन कामु उपनिर्देशक पवनकुमार लाल कर्ण, तत्कालीन प्रबन्धक भरतप्रसाद नेपाल, अधिकृत नवौँ डेमलाल खनाल, तत्कालीन प्रबन्धक कमलराज पौडेल, तत्कालीन निर्देशकद्वय (प्रा.) ध्रुव बहादुर देवकोटा र महेश प्रसाद काफ्लेविरुद्ध मुद्दा दायर भएको हो ।
आयोगद्वारा जारी विज्ञप्तिमा उनीहरूले उदयपुर सिमेन्ट उद्योग लिमिटेडका लागि उपकरण खरिद गर्दा बिनाअध्ययन, आवश्यकता पहिचान र औचित्यसमेत यकिन नगरी लागत अनुमानसमेत नबनाई केही उपयोग नहुने सामग्री खरिद गरेको अनुसन्धानबाट खुलेको छ ।

# वडा कार्यालयमा तालाबन्दी



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
वडाध्यक्षले कपाली तमसुक दर्ता नगरिदिएको भन्दै महोत्तरीको औरही नगरपालिका–२ को वडा कार्यालयमा तालाबन्दी गरेका छन् । साहु र ऋणीबीचको तमसुक वडा कार्यालयबाट प्रमाणीकरण गर्नुपर्ने कानुनी व्यवस्था भएपछि हिजोआज मधेशका धेरै जिल्लाका वडा कार्यालयमा भिड बढेको छ । तर वडाध्यक्ष दरेश यादवले आफूहरुको तमसुक दर्ता नगरिदिएको भन्दै स्थानीय साहु महाजनले वडा कार्यालयमा तालाबन्दी गरेका हुन् । महोत्तरीको औरही नगरपालिका–२ बस्ने जग्दीश यादवले स्थानीय २३ जना साहुबाट ऋण लिएका छन् ।
उनी आफ्नो भाइ भएका कारण वडाध्यक्ष दरेश यादवले कपाली तमसुक दर्ता गर्न नमानेको र लिएको ऋण फिर्ता नगर्न खोजेको भन्दै साहुहरुले तालबान्दी गरेका हुन् । साहुहरुले मंगलबार नगरपालिका कार्यालयमा समेत कपाली तमसुक दर्ता गरी पाउँ भन्दै निवेदन दिएका छन् ।

# दुर्व्यसनी देवरद्वारा भाउजुको हत्या

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
सिरहामा देवरले बञ्चरो प्रहार गरी भाउजूको हत्या गरेका छन् ।
सखुवानन्कारकट्टी गाउँपालिका–४ सखुवाका २५ वर्षीय मो. जियाउल राइनले जेठी भाउजु अन्दाजी ३२ वर्षीया तञ्जिला खातुनलाई बन्चरो प्रहार गरी हत्या गरेका हुन् ।
आँगनमा रहेको हातेकलबाट पानी थापेर जाँदै गर्दा पछाडिबाट देवरले बन्चरो प्रहार गरेका थिए । गम्भीर घाइते तञ्जिलालाई त्काल छिमेकीले उपचारका लागि लहान लैजाने क्रममा बाटोमै मृत्यु भएको इलाका प्रहरी कार्यालय लहानका प्रमुख प्रहरी नायब उपरीक्षक भोलाकुमार भट्टले बताए ।
जियाउललाई प्रहरीले पक्राउ गरेको छ ।
स्थानीयका अनुसार लागुऔषध सेवन गरेर लठ्ठ जियाउलले सुरुमा भाइ अताबुल र बुहारीलाई आक्रमण गर्न खोजेका थिए ।
उनीहरू भागेपछि कलबाट पानी लिएर जाँदै गरेकी जेठी भाउजुलाई बन्चरो प्रहार गरी गम्भीर घाइते बनाएका थिए ।
मृतक तञ्जिलाकी श्रीमान् सलिम राइन वैदेशिक रोजगारीक्रममा पछिल्लो करिब आठ वर्षदेखि कुवेतमा रहेका छन् ।
तञ्जिलाले सात वर्षका छोरा र पाँच वर्षीया छोरीको साथमा घरव्यवहार चलाउँदै आएकी थिइन् ।

मधेश प्रदेश सरकार
भूमि ब्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
कृषि ज्ञान केन्द्र पर्सा
बिरगंज, नेपाल

**कृषि सडक निर्माण सम्बन्धी आवेदनको म्याद थप**

**सम्बन्धी पून: प्रकाशित सूचना मिती: २०८०।१०।१० गते**

यस कार्यालयको चालु आ.व. २०८०।८१को स्विकृत वार्षिक कार्यक्रम अनुसार मिती: २०८०।९।२५ गते प्रकाशित कृषि सडक निर्माण सम्बन्धी कार्यक्रमको आवेदन पेश गर्ने १५ दिने सूचनाको अन्तिम म्याद आज मिती: २०८०।१०।१० गते सम्म रहेकोमा सेवाग्राहीहरुवाट समय सिमा केही थप गर्दा आवेदन पेश गर्न सहज हुने जनभावना आएकोले उक्त १५ दिनको समय सिमालाई २१ दिन कायम गर्ने यस कार्यालयको मिती २०८०।१०।०९ को निर्णायानुसार उक्त आवेदन गर्ने म्याद २०८०।१०।१६ गते सम्म कायम गरिएको छ। तोकिएको समयसिमा भित्र मूल सूचनामा तोकिए बमोजिम खामबन्दी आवेदन पेश गर्न सम्बन्धित सवैको जानकारीको लागी यो म्याद थप गरिएको सूचना प्रकाशित गरिएको छ। तोकिएको म्याद पश्चात प्राप्त हुने आवेदनहरुलाई श्रोत साधनको उपलब्धता र कार्यसम्पादन हुन सक्ने समय अवधी तथा आवश्यकता र औचित्यको आधारमा कार्यालयले क्रमश: निर्धारित प्रक्रिया अनुसार कार्यक्रममा समावेश गर्न सक्नेछ।

**कार्यालय प्रमुख**

## नेताको जालोमा प्रादेशिक अस्पताल
# ईमरजेन्सी बाहेक सबै सेवा ठप्प

**सञ्जय मिश्रा**
**रौतहट ।**
नेपाली कांग्रेस मधेश प्रदेशमा नेताहरुको जालोमा परेर रौतहटको सदरमुकाम गौरस्थित प्रादेशिक अस्पतालमा कार्यरत डाक्टरहरु समयमा तलब भत्ता पाउन नसकेको कारण ईमरजेन्सी बाहेक सबै सेवा बन्द गरेका छन् । डाक्टरले ओपिडी लगायतका सेवा बन्द गरेपछि बिरामीहरु उपचार सेवाबाट बञ्चित भएका छन् । तलब सुविधाको माग गर्दै डाक्टर आन्दोलित भएपछि गौर अस्पतालमा गत माघ ७ गतेदेखि इमर्जेन्सीबाहेकका कुनै पनि सेवा सर्वसाधारणले पाउन सकेका छैनन् । गत माघ ६ गते अस्पताल सञ्चालन तथा व्यवस्थापन समितिका अध्यक्ष अनवर हाशमीले पत्रकार सम्मेलन मार्फत नेपाली कांग्रेस मधेश प्रदेशका सभापति तथा मन्त्री कृष्णप्रसाद यादव लगायतको हस्तक्षेपका कारण अस्पतालको अवस्था दयनीय भएको बताएका थिए । प्रदेशका कांग्रेस निकट मन्त्री र सांसदको राजनीतिक चलखेलको कारण विगत ६ महिनादेखि अस्पतालले विभिन्न समस्या भोग्दै आएको अध्यक्ष हाशमीले बताएका थिए । प्रादेशिक अस्पताल गौरमा कार्यरत ११ जना डाक्टरले विगत ७ महिनादेखि अन्य सुविधा भत्ता र तीन महिनादेखिको तलब पाउन नसकेका कारण अस्पतालको इमर्जेन्सीबाहेकका सबै सेवा बन्द गरिएको एक जना डाक्टर चन्दन सहनीले बताएका छन् । मन्त्री तथा नेताहरुको राजनीतिक हस्तक्षेपका कारण बाध्य भएर अस्पतालको इमर्जेन्सी बाहेकको सेवा बन्द गर्नुपरेको डाक्टर सहनीले बताए । रौतहट क्षेत्र नं १ ‘ख’ का प्रदेश सांसद एवम् प्रदेशका भौतिक पूर्वाधार विकास मन्त्री कृष्ण प्रसाद यादव, कांग्रेसकै स्वास्थ्य मन्त्री विरेन्द्र सिंह र रौतहट क्षेत्र नं १ ‘क’ का कांग्रेसका प्रदेश सांसद नागेन्द्र साहले अस्पतालमा राजनीति गरिरहेको कारण यस्तो अवस्था भएको अध्यक्ष हाशमीले गुनासो पोखे । अस्पतालको मेडिकल सुपरिटेन्डेण्ट संजीव कुमार सिंह हुँदा हुँदै मन्त्री कृष्ण यादव र प्रदेश सांसद नागेन्द्र साहको दबावमा स्वास्थ्य मन्त्री विरेन्द्र सिंहले पहिलाका मेडिकल सुपरिटेन्डेण्ट कृष्ण प्रसाद साहलाई पठाएर अनावश्यक विवाद गराएको गत ६ गतेको पत्रकार सम्मेलनमा हाशमीले बताएका थिए । अहिले मेडिकल सुपरिटेन्डेण्ट संजीव र कृष्ण गरी दुई जना कार्यालय प्रमुख कार्यरत छन् र दुवैबीच चर्को विवाद रहेको छ । मेडिकल सुपरिटेन्डेण्ट कृष्ण साहलाई फिर्ता गर्न स्वास्थ्य मन्त्री सिंहलाई पटक पटक आग्रह गरेपनि मन्त्री यादव र प्रदेश सांसद साहको दबावका कारण उनले फिर्ता पठाउन नमानेको अध्यक्ष हाशमीले बताए ।

संजीव सिंह एघारौं तह र कृष्ण साह दशौं तहका कर्मचारी हुन । सिंह सिनियर कर्मचारी रहेकोले मेडिकल सुपरिटेन्डेण्टको अख्तियारी दिनुपर्ने अध्यक्ष हाशमीको माग छ ।

# बाबुद्वारा छोरीको हत्या

**मधेशदृष्टि**
**वीरगंज ।**
बाराको फेटा गाउँपालिका त्रिवेणी टोलका हरिन्द्र महतोले आफ्नी १५ बर्षिया छोरी कौशिला कुमारी दलित युवासँग प्रेम सम्बन्धमा रहेको कुरा सार्वजनिक भएपछि इज्जत जाने डरले हत्या गरेको रहस्य खुलेको छ ।

बुबा महतोले गत साउन ११ मा मामाघर बस्दै आएकी छोरी कौशिलालाई पर्साको जगरनाथपुर गाउँपालिकाको सुपौलीमा रहेको खोला किनारमा हत्या गरेर शव फालेको प्रहरीले बताएको छ । कौशिलाको शव पर्सा प्रहरीले साउन १३ गते फेला पारेको थियो ।

शरीर र टाउको छुट्टा छुट्टै गरी ५० मिटरको दुरीमा फालिएको अवस्थामा कोशिलाको शव फेला परेको थियो । शवको पहिचान केही दिनअगाडी मात्रै भएको थियो । साउन १३ मा पर्सा प्रहरीले शव फेला पारे पनि त्यसको पहिचान भने खुल्न सकेको थिएन । जिल्ला प्रहरी कार्यालय पर्साका प्रहरी उपरीक्षक कोमल शाहका अनुसार शवको बारेमा कुनै जानकारी नपाएपछि घटना अनुसन्धानको क्रममा रहेको थियो ।

करिब साढे ५ महिनादेखि महतोको छोरी कौशिला बेपत्ता रहेकोबारे स्थानीयले प्रहरीलाई खबर गरेपछि अनुसन्धान गर्ने क्रममा महतोले नै छोरीको हत्या गरेको स्वीकार गरेका छन् । कौशिलाको शव पहिचान भएपछि बुबा महतोलाई पक्राउ गरी घटनाबारे थप अनुसन्धान सुरु गरिएको जिल्ला प्रहरी कार्यालय पर्साले जनाएको छ ।

सुरुमा छोरीलाई बेपत्ता बनाइएको बारेमा सोधपुछ गर्दा हरिन्द्रले छोरी हराएको जवाफ दिएर घटनालाई लुकाउन खोजेको भए पनि अन्तत उनले छोरीको गाउँकै स्थानीय दलित समुदायका कृष्ण वैठासँग प्रेम सम्बन्ध रहेको र गाउँमा बदनामी हुने डरले निजलाई मामाघर पुर्याउने बहानामा बिचबाटोमै लगेर हत्या गरेको स्वीकार गरेका छन् । मृतक कौशिला स्थानीय गङ्गा साह माध्यमिक विद्यालयको कक्षा ८ मा अध्ययनरत रहेको र कृष्ण बैठासँग प्रेम सम्बन्ध रहेको हल्ला गाउँमा चलेपछि बदनामी हुने डरले बुबाले छोरीको हत्या गरेको स्वीकार गरेका हुन् । मामाघर पुर्याउने बहानामा गाडीमा हालेर पर्साको जगरनाथपुर लैजाने क्रममा महतोले बिच बाटोमै हत्या गरी खोला किनारमा टाउको र शरीर अलग गराई शव फालेका थिए ।

बारा प्रहरीले प्रारम्भिक अनुसन्धान गरेर घटना पर्सामा भएकोले थप कारबाहीका लागि पक्राउ परेका महतोलाई पर्सा प्रहरीको जिम्मा लगाएको जिल्ला प्रहरी कार्यालय बाराका प्रहरी उपरीक्षक सुरेश काफ्लेजे जानकारी दिए ।

# व्यवसायी अग्रवालले गरे आत्महत्या



**मधेशदृष्टि**
**वीरगंज ।**
घरको छतबाट हाम फालेर आत्महत्या गरेका धनगढीका व्यवसायी सन्तोष अग्रवालको परिवारमा अंशवण्डासम्बन्धी विवाद रहेको पाइएको छ । धनगढी उपमहानगरपालिका–४ को बसपार्कमा आफ्नै घरको पाँचौ तलाबाट हामफालेका अग्रवालको अस्पतालमा मृत्यु भएको थियो । छोरासँग अंशबण्डाको विषयमा विवाद भएपछि उनले आत्महत्या गरेको प्रहरीले जनाएको छ । प्रहरीका अनुसार काठमाडौं बस्दै आएका जेठा छोरा बुधबार बिहान घर आएका थिए ।

कान्छा छोरा भने सन्तोषसँगै धनगढीमा बस्थे । प्रहरी स्रोतका अनुसार अग्रवाल बिहान आफ्नै पसल सन्दीप स्टोरमा काम गरिरहेका थिए । त्यहीँ पुगेर जेठा छोराले अंशबण्डाको विषयमा कुरा उठाएपछि विवाद भएको थियो । त्यसपछि अग्रवाल तनावमा छतमाथि पुगेका थिए । सामाजिक सञ्जालमार्फत सार्वजनिक भिडियोमा अग्रवाल घरको छतमा चढेका बेला स्थानीयले त्यसो नगर्न भनेको सुनिन्छ तर उनी कसैको परवाह नगरी हाम फालेको देखिएको छ । अग्रवाललाई परिवारका सदस्य र छिमेकीले नै अस्पताल लगेका थिए । विस्तृत विवरण सार्वजनिक नगरेको प्रहरीले हाम फालेको घटनाबारे अनुसन्धान भइरहेको जनाएको छ ।

# गजेन्द्र नारायण सिंहको २० औं पुण्यतिथि



**मिश्रीलाल मधुकर**
**जनकपुरधाम ।**
गजेन्द्रनारायण सिंह अध्ययन केन्द्र धनुषाले मधेशी अधिकारका लागि जीवनभर लडेका गजेन्द्रनारायण सिंहको २२औँ पुण्यतिथि मनाएको छ । कार्यक्रमका प्रमुख अतिथि रामप्रसाद गिरीले गजेन्द्र बावुले जीवनको अन्तिम साससम्म मधेशीको समान अधिकार, हिन्दीलाई सम्पर्क भाषा बनाउन र धोती पहिरनलाई राष्ट्रिय पहिचान बनाउन संघर्ष गरेको हुनाले आज उनको आदर्श आत्मसात गरेको बताए । कार्यक्रममा हिन्दी भाषाका अभियानी तथा नेपाल विद्यार्थी मञ्चका संस्थापक अध्यक्ष रमण पाण्डेले गजेन्द्रनारायण सिंह व्यक्ति मात्र नभई विचार भएकाले उनको अनुशरण गर्नुपर्नेमा जोड दिए । विशेष अतिथिका रुपमा बोल्दै जनमत पार्टीका केन्द्रीय सचिव वीपी साहले सत्ताको लोभका कारण आज उनका शिष्यहरू आफ्नो बाटो छोडेर अन्य बाटोमा लागेका बताए । कार्यक्रमको अध्यक्षता गरेका सञ्जय कुमार सिंहले भने, ‘गजेन्द्र बाबु गान्धीजीको अनुयायी थिए, सत्य र अहिंसामा विश्वास गर्ने, सादा जीवन र उच्च विचारको अनुयायी थिए ।’ कार्यक्रममा ममता चौधरी, दीपक झा, प्रमोद कुमार झा, बालेश्वर ठाकुर, हरे राम मण्डल, विन्दकुमार साहलगायतले आफ्नो धारणा राखेका थिए ।

# नागरिकलाई सहज सेवा पहिलो प्राथमिकताः घिमिरे

**मधेशदृष्टि**
**कलैया ।**
बाराका प्रमुख जिल्ला अधिकारी शशीधर घिमिरेले सेवा प्रवाहलाई सहज र सरल बनाउन पहिलो प्राथमिकता दिने बताएका छन् । हालै मात्र सरुवा भई बारा आएका प्रमुख जिल्ला अधिकारी घिमिरेले बुधबार जिल्लास्थित सञ्चारकर्मीहरुसँगको परिचयात्मक तथा भेटघाट कार्यक्रमलाई सम्बोधन गर्दै बारामा सेवा प्रवाहलाई चुस्तदुरुस्त पार्दै सहज र सरल रुपमा आम नागरिकलाई सेवा उपलब्ध गराउन आफ्नो पहिलो प्रथमिकता रहेको बताए । जिल्ला प्रशासन कार्यालय बाराबाट दिईने सेवाहरु नगरिकता, पासपोर्ट, राष्ट्रिय परिचयपत्र वितरण प्रणालीलाई व्यवस्थित गर्दै छिटो र सहज रुपमा सेवा पाउने गरी काम गर्ने उनको भनाई छ । उनले जिल्लामा भन्सार छली, चोरी निकासीलाई नियन्त्रण गर्न प्रहरीको निगरानी बढाउने र अनुचित लेनदेन, मिटर ब्याजीलाइ कारवाहीजस्ता कामलाई पनि उच्च प्राथमिकतामा राखेर काम गर्ने बताए । स्थानीय तहसँग समन्वय गरी बजार अनुगमन, लागु औषध नियन्त्रण तथा बढ्दो सवारीसाधनको चोरीलाई नियन्त्रण गर्ने योजना रहेको पनि उनले सुनाए ।

प्रजिअ घिमिरेले पत्रकारहरुलाई कुनै कतैबाट असुरक्षित महसुस भए आफुलाई तथा जिल्ला प्रहरी कार्यालयमा सम्पर्क गर्न अनुरोध समेत गरे । परिचयात्मक कार्यक्रममा सहायक प्रमुख जिल्ला अधिकारी कृष्ण प्रसाद आचार्य, राष्ट्रिय अनुसन्धानका उप–निर्देशक अभिनय कुमार सिंह, जिल्ला प्रहरी कार्यालय बाराका प्रवक्ता प्रहरी नायब उपरीक्षक दधिराम न्यौपानेलगायतको उपस्थिति रहेको थियो ।

# प्याब्सन टी–२० क्रिकेटः गोल्डेन फ्युचर र न्यू वेभ विजयी




**मधेशदृष्टि**
**वीरगंज ।**
पर्सामा जारी प्याब्सन नकआउट टी–२० क्रिकेट टुर्नामेन्टमा गोल्डेन फ्युचरले जीत हात पारेको छ । गोल्डेन फ्युचरले बिकन माविलाई ४ विकेटले पराजित गरेको हो । आर्दशनगर खेल मैदानमा बुधबारको दोस्रो खेलमा टस जितेर ब्याटिङ गरेको बिकन माविले निर्धारित २० ओभरमा ५ विकेट गुमाएर एकसय १८ रन बनाएको थियो । उसका लागि रेहान मज्जिदले नटआउट ३३ रन बनाए । यस्तै प्रिन्स कुमार पटेलले २२ रन जोडे । बलिङमा गोल्डेनका आयान आलमले २ विकेट लिए भने दामोदर प्रसाद थारुले १ विकेट हात पारे । जवाफी ब्याटिङ गरेको गोल्डेन फ्युचरले १८.५ ओभरमा ६ विकेटको क्षतिमा लक्ष्य पूरा गर्यो ।

उसका लागि आर्दश यादव सर्वाधिक ३४ रनको योगदान गरे । त्यसैगरी दामोदर प्रसाद थारुले २४ रन बनाए । बलिङतर्फ साहिल पटेल २ र सोहेल मियाँले १ विकेट लिए । खेलमा गोल्डेन फ्युचरका दामोदर प्रसाद थारु प्लेयर अफ दी म्याच भए । यता, प्रतियोगिता अन्तरगत बुधबारको पहिलो खेलमा न्यु वेभ मावि विजयी भएको छ । न्यू वेभले बिपीसीविरुद्ध ९ विकेटको सानदार जीत निकालेको हो । आदर्शनगर खेल मैदानमा टस जितेर ब्याटिङ गरेको बिपीसीले निर्धारित १० ओभरमा ३ विकेटको क्षतिमा ६२ रनको सामान्य लक्ष्य प्रस्तुत गरेको थियो । उसका लागि आशिष कुमार साहले सर्वाधिक ३५ रन बनाए । यस्तै साचु प्रसाद रौनियारले ५ रन जोडे । बलिङमा रोहित साह र राज चौधरीले १÷१ विकेट लिए । जवाफी ब्याटिङ गरेको न्यू वेभले ७.५ ओभरमा १ विकेट गुमाएर लक्ष्य पूरा गर्यो । न्यु वेभका लागि रोहित साहले १८ र विश्वाजित कुमार साहले १६ रनको योगदान गरे । खेलमा रोहित साह प्लेयर अफ दी म्याचको उपाधि प्राप्त गरे ।

# नेशनल इन्फोटेक एनआई कपको फाइनलमा

**मधेशदृष्टि**
**वीरगंज ।**
आयोजक नेशनल इन्फोटेक एनआई टी–२० क्रिकेट कपमो फाइनलमा प्रवेश गरेको छ । बुधबारबाट प्रतियोगिताको सेमिफाइनल चरणका खेलहरु सुरु भएका छन् । बुधबारको सेमिफाइनल खेलमा नेशनल इन्फोटेकले हेटौंडा स्कूललाई ६५ रनले पराजित गर्दै फाइनलमा स्थान पक्का गरेको हो । नारायणी क्रिकेट रंगशालामा भएको खेलमा टस जितेर पहिले ब्याटिङ गरेको नेशनल इन्फोटेकले निर्धारित ओभरमा ६ विकेटको क्षतिमा एकसय ४० रन बनाएको थियो । नेशनलका लागि राहुल हकले सर्वाधिक ४५ रनको योगदान गरे । त्यसैगरी सफवान अलिले ३६ रन र वासिम अलि मन्सुरीले १८ रन बनाए । बलिङमा हेटौंडाका प्रन्जल उपाध्यायले सर्वाधिक ४ विकेट लिए । राजा अहमद र विकेश बानियाँले समान १ विकेट हात पारे । एकसय ४१ रनको लक्ष्य पछ्याएको हेटौंडा १६.४ ओभरमा पूरै विकेट गुमाएर मात्र ७५ रन बनाउन सक्यो ।

बलिङतर्फ नेशनलका वासिम अलि मन्सुरीले सबैभन्दा बढि ५ विकेट लिए अरबाज हुसेनले ३ विकेट तथा सलमान मन्सुरीले १ विकेट लिए सफल भए ।




खेलको प्लेयर अफ दी म्याच नेशनलका वासिम अलि मन्सुरी घोषित भए । आज बिहीबार हुने दोस्रो सेमिफाइनलमा ग्लोबल बिजनेश कलेज र वीरगंज पब्लिक कलेज भिड्ने छन् । खेल विहान ११ बजे नारायणी क्रिकेट रंगशालमा हुनेछ । आज जित्ने टोलीले शनिबार हुने फाइनल खेलमा आयोजक नेशनलसँग उपाधिका लागि प्रतिस्पर्धा गर्नेछ ।




शीतलहर तथा चिसोबाट बच्ने उपायहरू

प्राय: प्रत्येक वर्ष तराई तथा भित्री मधेशका जिल्लाहरुमा जाडोयाममा शीतलहर तथा चिसोको कारण जनजीवन प्रभावित हुने गरेको छ । त्यसैले चिसोबाट बच्न निम्न उपायहरु अपनाउनु हुन सर्वसाधारणमा अनुरोध छ ।
- गोडामाथिदेखि नै बाक्लो तथा न्यानो लुगा लगाउने गरौं ।
- धुम्रपान तथा मद्यपानको सेवन नगरौं ।
- कोठा न्यानो पारौं र पर्याप्त हावा ओहोर-दोहोर हुने व्यवस्था मिलाऔं ।
- बालबालिका, बृद्ध-बृद्धा, गर्भवती तथा दीर्घ रोगीहरुलाई चिसोबाट जोगाऔं ।
- आमाको दूध खाने बच्चाहरुलाई नियमित रुपमा स्तनपान गराऔं ।
- तातो तथा पोषिलो झोल पदार्थहरु प्रशस्त सेवन गरौं ।
- स्वास्थ्यसम्बन्धी कुनै समस्या आइपरेमा, ज्वरो आएमा, झाडापखाला लागेमा, दम बढेमा, खोकी लागेमा, छाती घ्यार-घ्यार भएमा वा श्वास फेर्न कठिनाई भएमा तुरुन्त नजिकको स्वास्थ्य संस्थामा सम्पर्क राखौं ।
- सुत्ने कोठामा आगो, मकल, कोइला बाली झ्याल ढोका बन्द गरेर सुत्नु हुँदैन । जसले गर्दा श्वास फेर्न नसकी निसास्सिएर मृत्युसमेत हुन सक्छ ।
- आगो बालेको ठाउँमा बच्चाहरुलाई एक्लै नछोडौं ।

छरछिमेकमा कोही बिरामी परेमा नजिकको स्वास्थ्य संस्थामा खबर गरौं र यथाशक्य चाँडो आवश्यक उपचारको लागि लैजाऔं ।

सिरहा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
सिरहा, मधेश प्रदेश


मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका-१३, पर्सा, मोबाइल नं.-९८५५०२१२८१, कार्यालयः जनकपुरधाम-२, भानुचोक, किशोरी नगर, फोन नं.-०४१-५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन